नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

आनन्द भूमि

नेपालको एक मात्र पुरानो बौद्ध मासिक पत्रिका

THE ANANDA-BHOOMI

२०४३ जेष्ठ ९ गते २५३० औं बैशाख पूर्णिमाको उपलक्ष्यमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार तथा श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारहरू स्वयम्भूस्थित आनन्दकुटी विहारमा प्रदर्शित सर्वज्ञ बुद्धको अस्थिधातुको दर्शन गरिबक्सेको दृश्य ।

बुद्धसम्वत् २५३०	जेष्ठ पूर्णिमा	विक्रमसम्वत् २०४३	जेष्ठ
नेपाल सम्वत् ११०६	तछलाथ्व	1986 A. D.	June
वर्ष १४	अंक २	Vol 14	No. 2

"आनन्दभूमि" को नियम

(१) "आनन्दभूमि" आनन्दकुटी विहार गुठीद्वारा प्रकाशित हुने नेपालको एकमात्र पुरानो बौद्धधर्म सम्बन्धी मासिक पत्रिका हो । यो प्रत्येक पूर्णिमाको दिनमा निस्कनेछ । यसको आजीवन ग्राहक शुल्क ३००।– र वार्षिक ग्राहक शुल्क रू. ३०।– मात्र छ । जुनसुकै महीनामा पनि ग्राहक बन्न सकिन्छ । वार्षिक ग्राहकलाई पूरा १२ वटा अङ्क प्राप्त हुनेछ । एक प्रतिको रू. २।५० मात्र ।

(२) यो आनन्दकुटी विहारगुठीको मुखपत्र हो । यसमा बुद्धधर्मसँग सम्बन्धित विषय छापिनेछ ।

(३) लेखकद्वारा प्रकट भएका कुनैपनि विचारमा लेखकको उत्तरदायित्व लेखकमै हुनेछ सम्पादकमण्डल हुनेछैन ।

(४) लेखकले नेपाली, नेपालभाषा र अंग्रेजीमध्ये कुनै पनि भाषामा लेख पठाउन सक्नुहुन्छ र पठाएका लेख फिर्ता पठाउने व्यवस्था गर्न नसकिने भएको ले प्रतिलिपि आफूसँग राखी पठाउनु वाञ्छनीय छ ।

(५) लेख पठाउँदा पूरा साइजको कागजमा एकापट्टि मात्र लेखेर पठाउनुपर्नेछ ।

(६) ग्राहकशुल्क, विज्ञापन तथा प्रबन्ध सम्बन्धी पत्र व्यवस्थापकको नाउँमा आनन्दभूमि कार्यालयमा पठाउनुपर्छ । पत्रव्यवहार गर्दा आफ्नो ग्राहक संख्या तथा नाम ठेगाना राम्ररी लेखिएको हुनु जरूरी छ । ठेगाना हेरफेर हुने भएमा एक महीना अगाडि व्यवस्थापकलाई सूचना दिनुपर्दछ । पत्रिका समयमा नपुगे सूचना दिने गर्नुपर्दछ ।

(७) कुनैपनि लेख प्रकाशित गर्ने वा नगर्ने अधिकार सम्पादकमै रहनेछ ।

आनन्दभूमि कार्यालय, आनन्दकुटी, स्वयम्भू, काठमाडौं ।

विषय सूचि

बुद्ध वचन	१	शान्तिया लँपु	२१
१५ औं विश्वबौद्ध सम्मेलन	२	स्वाँ	२२
सुखी हुनु आफै	४	मिखा	२२
बुद्धको खोजी गर्दै	४	विपश्यना-ध्यानया छुं स्पष्टीकरण	२३
हाम्रो कर्मभन्ने कारखानाको रूपमा	५	सम्पादकलाई चिठ्ठी	२४
सम्यक् संकल्प	८	सम्पादकयात पौ	२४
हिन्दू धर्म ग्रन्थहरूको वर्तमान	१२	सम्पादकीय	२६
आनन्दकुटी विद्यापीठ स्तम्भ	१४	आनन्दकुटी विहार गुठीका सदस्यहरू समक्ष लेखा––	
श्रद्धाय् भिन्नता	१७	परीक्षनको प्रतिवेदन	२७
सिद्धार्थ गौतमया जिवनी लिसे	१९	बौद्ध गतिविधि	३१

आनन्दभूमि

प्रधान—सम्पादक
भिक्षु कुमार काश्यप

सम्पादक
सुवर्ण शाक्य

व्यवस्थापन—सहयोगी
भिक्षु सुशोभन

व्यवस्थापक तथा प्रकाशक
भिक्षु मैत्री

सदस्य—सचिव
आनन्दकुटी विहारगुठी

पत्रव्यवहार
आनन्दभूमि
पो. ब. नं.३००७
स्वयम्भू, काठमाडौं
फोन नं २-२४४२०

महावग्ग–विनयपिटकबाट:—

"चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं। देसेथ भिक्खवे धम्मं आदिकल्याणं मज्झेकल्याणं परियोसान कल्याणं सात्थं सव्यञ्जनं केवलं परिपुण्णं परिसुद्धं ब्रह्मचरियं पकासेथ।"

भिक्षुहरू ! बहुजन हितको लागि, बहुजन सुखको लागि, विश्वमाथि दयाको लागि, देव र मनुष्यहरूको हित, सुख र कामको लागि संचार गर । भिक्षुहरू ! आरम्भ, मध्य र अन्त्य समयसम्म कल्याण हुने धर्मको अर्थ र भाव सहित उपदेश दिएर सम्पूर्ण परिशुद्धि ब्रह्मचर्य (धर्म) को प्रकाश गर ।

चन्द्रमाले नक्षत्रपथको अनुगमन गरे झैं धीर, प्राज्ञ, बहुश्रुत, शीलवान् र बुद्धिमान् आर्य तथा सत्पुरूषहरूको सत्संगत गर ।

१५ औं विश्वबौद्ध सम्मेलन

–आचार्य भिक्षु अमृतानन्द महास्थविर अध्यक्ष, धर्मोदयसभा

[पन्ध्रौं बिश्वबौद्ध सम्मेलनबारे धेरैजसो नेपालीहरूको मनमा केही भ्रान्ति वा गलत धारणा भइरहेको कुरा दूर गर्ने उद्देश्यले यो लेख लेखिएको छ ।]

विश्वबौद्ध भ्रातृमण्डल (World Fellowship of Buddhist) भन्ने एक अन्तराष्ट्रिय बौद्ध संस्था हो । विविध उद्देश्यहरू सहित उत्तर र दक्षिणका बौद्धहरू एकै मञ्चमा भेलाभई परस्परमा भएको मित्रतालाई अझ बढाउन सकुन् भन्ने यसको अर्को उद्देश्य रहेको छ ।

यो संस्था श्रीलंकाका सुप्रसिद्ध पालि प्रोफेसर डा. स्व. मलालसेकरले सन १९५० को मई महीनामा श्रीलंकाको राजधानी कोलोम्बोमा स्थापना गर्नु-भएको हो ।

यसको साधारण महाअधिवेशन प्रत्येक दुई वर्षमा गर्ने भन्ने विधान छ । यो अधिवेशन विभिन्न मुलुकहरूमा गर्न सकिन्छ । यदि कुनै मुलुकबाट साधारण अधिवेशनको लागि निम्तो नपाएमा जहाँ यसको केन्द्रीय कार्यालय छ उहीं गर्ने भन्ने पनि विधानमा उल्लेख भएको छ । विश्वका कुनै पनि बौद्ध संस्था-हरू वार्षिक १५० अमेरिकी डलर शुल्क बुझाई यसको सदस्य बन्न सकिन्छ । यस बिधान अनुसार बितेका ३६ वर्षहरूमा विभिन्न मुलुकहरूमा यसले माहाअधिवेशनहरू गरिसकेको छ । जस्तै —

सन् १९५० पछि सन् १९५२ को सेप्टेम्बर महीना-मा दोस्रो महाअधिवेशन जापानमा भएको थियो । तेस्रो महाअधिवेशन सन् १९५४ को डिसेम्बरमा बर्माको रंगुनमा, चौथो महाअधिवेशन सन् १९५६ को नवेम्बर मा नेपालको राजधानी काठमाडौंमा, पाचौं सन् १९५८ को नवेम्बरमा थाइलैण्डको बैंककमा, छैठौं सन् १९६१ को नवेम्बरमा क्याम्बोडियाको फनोम्पेमा, सातौं सन् १९६४ को नवेम्बरमा भारतको सारनाथमा, आठौं सन् १९६६ को नवेम्बरमा थाइलैण्डको प्राचीन राजधानी चेंगमाईमा, नवौं सन् १९६९ को अप्रिलमा मलेसियाको क्वालालम्पुरमा, दशौं सन् १९७२ को मईमा श्रीलंका-को कोलम्बोमा, एघारौं सन् १९७६ को फेब्रुअरीमा थाइलैण्डको बैंककमा, बाह्रौं सन् १९७८ को अक्टोबरमा जापानको टोकियो र क्योटोमा, तेह्रौं सन् १९८० को नवेम्बरमा थाइलैण्डको बैंककमा र चौधौं महाअधिवेशन सन् १९८४ को अगष्टमा श्रीलंकाको कोलम्बोमा भएको थियो । अब यस विश्वबौद्ध भ्रातृमण्डलको पन्ध्रौं महा-अधिवेशन यही सन् १९८६ को नवेम्बर महीनामा नेपाल-को राजधानी काठमाडौंमा हुने भएको छ ।

गत सन् १९८४ मा श्रीलंकामा भएको डब्ल्यु. एफ. बी. को चौधौं महाअधिवेशनलाई हाम्रा प्यारा श्री ५

महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार-बाट असीम कृपापूर्वक एक सन्देश बक्स भएको थियो। सो शुभसन्देशमा मौसूफ सरकारबाट "डब्ल्यू. एफ. बी. को पन्ध्रौं सम्मेलन नेपालमा गर्ने निर्णय मेरा सरकार र जनताले गरेको छ" भनी हुकुम बक्स भएको थियो।

श्री ५ को सरकारका माननीय प्रधानमन्त्रीज्यूबाट सो सम्मेलनलाई पठाउनुभएको सन्देशमा "विश्वबौद्ध भ्रातृमण्डलको नेपालको रिजनल सेन्टर धर्मोदयसभाले डब्ल्यू. एफ. बी. को पन्ध्रौं महाअधिवेशन नेपालमा बोलाइयोस् भनी राखेको प्रस्तावलाई श्री ५ को सरकारले समर्थन गरेको छ" भनी उल्लेख भएको छ।

यी दुबै सन्देशहरूलाई उक्त सम्मेलनले करतल ध्वनिका साथ हार्दिक स्वागत गरेको थियो र यिनै सन्देशहरूको आधारमा सो सम्मेलनले सन् १९८६ को नवेम्बर-म पन्ध्रौं विश्वबौद्ध सम्मेलन नेपालमा पार्ने भन्ने निर्णय पनि सर्वसम्मतिबाट पारित भएको थियो।

आगामी नवेम्बर महीनामा नेपालमा हुनलागिरहेको पन्ध्रौं विश्वबौद्ध सम्मेलन भन्ने नामले चिनिने सम्मेलन केवल विश्वबौद्ध भ्रातृमण्डलको पन्ध्रौं महाअधिवेशन हो भन्ने कुरा सबै नेपाली महानुभावहरूले बुझिदिनुपरेको छ। यस सम्मेलनमा डब्ल्यू. एफ. बी. का सदस्य हुने संस्थाहरूले मात्र भाग लिन सकिन्छ। त्यो पनि पाँच जनाभन्दा बढ्ना प्रतिनिधिहरू कुनैपनि सेन्टरले पठाउन सकिँदैन भन्ने कुरा पनि विधानमा उल्लेख भएको छ। प्र येक प्रतिनिधिले रजिस्ट्रेशन शुल्क २० अमेरिकन डलर बुझाउनुपर्छ।

नेपाली बौद्धहरूले त्यस संस्थाको पन्ध्रौं महाअधिवेशन नेपालमा सुसम्पन्न गराउनको निमित्त राम्ररी व्यवस्था मिलाइदिनुपरेको छ र नेपालीहरूको आतिथ्य सत्कारद्वारा त्यस अधिवेशनमा भाग लिन आउने महानुभावहरूको मनमा कसरी राम्रो प्रभाव पार्ने हो सोको अभिभारा बौद्धहरूमा आइरहेको छ।

यस संस्थाका आफ्ने कार्यक्रमहरू छन् जसको संचालन बैंकक स्थित हेडक्वाटरबाट गरिन्छ। होष्ट कन्ट्रीले त कार्यक्रमको लागि चाहिने व्यवस्था मिलाइदिने मात्र हो। यो सम्मेलन धर्मोदयसभाले गर्ने सम्मेलन होइन। यो त डब्ल्यू. एफ. बी. को सम्मेलन हो। नेपाली बौद्धहरुको काँधमा सो सम्मेलन सफल पार्नको निमित्त ठूलो जिम्मेदारी आएको छ। यसको लागि आ-आफ्नो क्षेत्रबाट संस्थाहरू, व्यक्तिगत रूपबाट जे-जस्तो सकिन्छ सहयोग, मद्दत र योगदान उदारता पूर्वक तन, मन र धनद्वारा आयोजक धर्मोदयसभालाई प्रदान गरी हाम्रा प्यारा श्री ५ महाराजाधिराज सरकारको अत्यन्त पवित्र शान्तिको आकांक्षालाई फलीभूत पार्न सबैले कटिबद्ध हुनुपरेको छ। मौसूफ सरकारको शान्ति-को कामना अति महान्, उदार तथा विश्व-कल्याणकारी छ।

डब्ल्यू. एफ.बी. का एकजना अध्यक्ष, बाह्रजना उपाध्यक्षहरू, एकजना महासचिव, दुइजना सहायक सचिवहरू एकजना कोषाध्यक्ष गरी जम्मा १७ जना पदाधिकारीहरू छन्। उपदेशकहरू सातजना छन्। सात-जनाको कार्यसमिति छ। सातवटा स्थायी समितिहरू छन्। हालसम्म डब्ल्यू. एफ. बी. का रिजनल सेन्टरहरू ८२ वटा छन्।

डब्ल्यू. एफ. बी.को युवक परिषद्मा एकजना अध्यक्ष, ६ जना उपाध्यक्षहरू, महासचिव, सहायक सचिव र कोषाध्यक्ष एक एकजना गरी जम्मा१० जना पदाधिकारीहरू छन्। यसका पनि सातवटा स्थायी समिति-

हरू छन् । १९ वटा रिजनल सेन्टरहरू छन् । यो युवक परिषद् केही वर्ष अघि मात्र खोलिएको हो ।

डब्ल्यू. एफ् बी. का ३९ मुलुकका ८२ वटा रिजनल सेन्टरहरूमध्ये श्री लंकामा भएको चौथौं अधिवेशनमा २२ मुलुकका ४३ वटा सेन्टरहरूले र युवक परिषद्का ११ वटा मुलुकहरूका १९ वटा सेन्टरहरूमध्ये ११ मुलुकका १३ वटा सेन्टरहरूले भाग लिएका थिए। नेपालमा हुने सम्मेलनमा लुम्बिनी दर्शन गर्ने र सगरमाथा हेर्ने विचारले ८२ सेन्टरका सबैका सबैले भाग नलिए तापनि श्रीलंकामा भन्दा धेरै सेन्टरहरूले भाग लिने कुरा चाहिँ स्पष्ट छ। तो आउने पाहुनाहरूको लागि सात आठ दिनसम्म बस्ने, खाने तथा यातायातको व्यवस्था सबै होष्ट कण्ट्रीले गर्ने। अतः सबै नेपालीहरूले आयोजक धर्मोदयसभालाई विशेषरूपले मदत गरी, सहयोग गरी योगदान दिनु वाञ्छनीय छ।

सुखी हुनु आफै

—अनु. भिक्षु प्रज्ञारश्मि

कसले गरेर, को हुन्छ सुखी ।
कसले गरेर, को हुन्छ दुःखी ॥१॥
दुःखी, सुखी, दुवै, कृतकर्म हेतु ।
दशा, नक्षत्रादि, ग्रह राहु केतु ॥२॥
दुष्ट चित मनले, पर दुःख दिन्छ ।
पैले स्वयं तो, दुःख भोग गर्छ ॥३॥
परोपकारार्थ, मन भाव गर्ने ।
परोपकारी, दुःखबाट तर्ने ॥४॥
यो ज्ञान हेर्दा, सुख दुःखदाता ।
कुनै छैन, आफै, सुख, दुःख कर्ता ॥५॥

"यदि कुनै साधुसँग एउटा रोटी हुन्छ भने त्यसले आधा रोटी आफैले खान्छ, आधा कुनै गरीबलाई दिइदिन्छ। किन्तु यदि कुनै बादशाहसँग एक मुलुक हुन्छ भने त्यसले एक अर्को मुलुक चाहन्छ।"

—सादी

बुद्धको खोजी गर्दै

—जानकी तुलाधर, धनगढी

मेरा शरिरका तन्तुहरू
सलबलाएका छन्
अदृश्य शक्तिको स्पर्शले
त्यानो मीठो आभास बाहेक
छ त्यो हृदय भित्र कहीं सुषुप्त भई
मन्दगतिसितै पाइला चलिरहेछ
कहिले जून आइ दिन्छ
कहिले सूर्य
त्यही भित्र म लुकिदिन्छु
ताराहरूसित मितेरी गांसी
जुनकिरीसँगै जिस्कँदै
एउटा ठूलो बस्तु खोज्न
म गइरहेकी हुन्छु
सीत र तुषारोको वास्तै नगरी
पल पललाई पार गर्दै
केही सन्देशहरू बोकी
दिनोंको संघर्षकासाथ
हिंडी रहन्छु महामानव
बुद्धको खोजी गर्दै।

हाम्रो कर्म बन्ने कारखानाको रूपमा

"जवन-चित्त"

-इन्द्रनारायण मानन्धर

मरेपछि हुमै राजा भन्ने सिद्धान्त लिनेहरू बाहेक अरू सबै सर्वसाधारणले आफूले भोग्नु परेका सबै सुख दुःख आपनै कर्मको फल हो भनी स्वीकार्दछन् तर तिनीहरूमा पनि कसैले कर्म भनेको विधाताले मानिस जन्मने बेला लेखिदिने र कर्ममा लेखेको मात्र पाइन्छ देखेको नपाइने भन्नेहरू छन् । मानिसले पूर्वजन्ममा रोपेको कर्मको फल यस जन्ममा भोगिरहेका हुन् भनी विश्वास गर्नेहरू पनि छन् । फेरि ईश्वरले रचेको संसारमा एक पात्रको रूपमा आपनो भूमिका निभाउन मानिस जन्मन्छन् र सो पूरा हुना साथ मर्दछन् भन्ने धारणा लिनेहरू पनि छन् । तर कोही धनी कोही गरीब, कोही राम्रो कोही नराम्रो, कोही रोगी कोही निरोगी, कोही सुखी कोही दुःखी, कोही असल कोही खराब र कसैको आयु लामो कसैको आयु छोटो आदि रूपले फरक भैरहेको कारण पत्ता लगाउन अकमक्क भएपछि धेरै जसोले यी सबै ईश्वरकै लीला हो भनी अरू कुराको विचार गर्न पनि छोड्ने गर्दछन् । कोही कोहीले मात्र चित्त नबुझेसम्म कारण पत्ता लगाउन विचार गर्दै खोज्दै हिँड्ने हुन्छन् ।

मानिस जन्म हुनुपर्ने, बृद्ध हुनुपर्ने, रोगी हुनुपर्ने, मृत्यु हुनुपर्ने र भवचक्रमा घुमिरहनु पर्ने कारण कसैले गरेर होइन आपनै कर्मको कारणले भैरहेको हो भनी बुद्ध-धर्मद्वारा विश्वास दिलाउँछन् र त्यसरी बारंबार भवचक्र घुमिरहनु नपर्ने तरीका र मार्ग पनि बुद्धधर्मले दर्शाएको छ ।

कर्म भनेको आपनो शरीर, वचन र मनले चेतना राखी गर्ने असल वा खराब काम गरिने हो । तसर्थ कुशल अकुशल चेतना नै कर्म हो । भगवान् बुद्धले पनि चेतना-लाई नै कर्म भनि बताउनुभएको छ । अंग पुगेको कर्म-लाई संस्कार भन्दछन् । त्यही संस्काररूपी बीउको कारणले गर्दा फल दिने विपाकचित्त उत्पत्तिभै पुनर्जन्म गराउने हो । कर्मसंस्कार नभई विपाकचित्त हुँदैन, त्यस्तै विपाकचित्त बिना पुनर्जन्म पनि हुनेछैन । यस-बाट स्पष्ट हुन्छ कि यी सब कार्यकला.को हाम्रो चित्त-सँग घनिष्ठ सम्बन्ध छ ।

चित्तको किच्च (कार्य) र चित्तको वीथि (क्रम,लहर तहतह भै आउने) को सिलसिलामा "जवनचित्त" को परिचयको रूपमा उल्लेख भैरहेको छ । करेन्ट जस्तो ज्यादै तीव्र बेगले दौडने कार्यलाई नै जवन भन्दछन् । चाहे जवनचित्त एक पटक दगुरोस् या बढीमा छ, सात पटक लगातार दगुरिरहोस् बेग्लै प्रकारले दगुर्दछ । चित्त वीथिमा बोट्टवन चित्त अर्थात् आलम्बनबारे निश्चय गर्ने चित्तको पछि त्यही आलम्बन ग्रहण गरी जवन-चित्त बेग साथ दगुर्दछ । जवन-चित्त त्यही आलम्बन

ग्रहण गरी अक्सर सात पटकसम्म लहरै बेगले दगुर्दछ ।

चित्त अति छिटो छिटो उत्पत्ति र निरोध हुने भएतापनि चित्तको एक क्षण भङ्गाले उत्पत्ति, स्थिति भङ्ग समेत रहेको लाई जनाउँदछ । जवनको कार्य गर्ने बेला चित्तको एक क्षण मात्र हुने होइन अकसर गरी एउटै आलम्बन अनुभव गरी सात क्षण अर्थात् सातपटक जवन- चित्त लगातार दगुर्ने गर्दछ । पहिलो जवन-चित्तको कारणले पछिल्लो जवन-चित्त उत्पत्ति हुने हुँदा पहिलो जवन–चित्त कुशल भए त्यस पछिका ६ वटा जवन- चित्तहरु पनि कुशल नै हुन्छन् । त्यस्तै पहिलो जवन– चित्त अकुशल भए त्यस पछिका ६ वटा जवन-चित्तहरू पनि अकुशल नै हुन्छन् । केही गरी आलम्बन योनिसोमनसिकार इष्ट र प्रसन्नको भए कुशल जवन, अयोनिसोमनसिकार याने अनिष्ट भए अकुशल जवन अनि अरहन्तहरूको निरनुसय योनिसोमनसिकार भए क्रिया जवन उत्पन्न भै दगुरिन्छ । योनिसो–मनसिकार वा अयोनिसोमनसिकार उत्पन्न हुने कारणमा अरू कुराका साथ साथै आपना पहिलेका संस्कारमा पनि बढी निर्भर गर्दछ । चित्त सौमनस्य सहगत उपेक्षा सहगत असंस्कारिक संस्कारिक आदि हुने पनि आ–आपनो संचित संस्कारमा नै भर पर्दछ ।

जवन - चित्त दगुर्ने हिसाबको दृष्टिले हेर्दा काम जवन– चित्त सात पटक दगुर्दछन् । मार्ग जवन र अभिज्ञा जवन - चित्तको कार्य एक क्षण मात्र हुन्छ । मरणासन्न कालमा वा केही दुर्घटना हुने वा पानीमा डुब्ने बेलामा मुर्छा पर्ने बेला अथवा स्वप्नकालमा जवन - चित्तको कार्य पाँचपटक मात्र हुन्छन् । परितारम्मणको अवस्थामा जवनको कार्य हुने बेलासम्म रहिरहने नहुँदा जवन-चित्त उत्पन्न हुनु अगाडि वीथि पूरा हुन्छ । त्यस्तो भए पनि जवनका सात क्षणका ठाउँमा अतीत भवङ्ग चार पटक र वोट्ठवना तीन पटक भै चित्तको १७ वीथि पूरा हुन्छन् । यस्तो अवस्थामा जवन - चित्तको काम र तदारम्मण चित्तको वीथि पूरा पनि हुन जान्छन् ।

त्यस किसिमले चित्त ८९ मध्ये जवनको कार्य गर्ने चित्त जम्मा ५५ छन् । ती ५५ चितमध्ये अकुशल चित्त १२, अहेतुक हसितुप्पाद चित्त १, महाकुशल चित्त ८, महाक्रिया चित्त ८ समेत जम्मा २९ चितलाई "काम-जवन' भनिन्छ । बाकी रूपावचर कुशलचित्त ५, रूपावचर क्रियाचित्त ५, अरूपावचर कुशलचित्त ४, अरूपावचर क्रियाचित्त ४, लोकोत्तर मार्गचित्त ४, तथा लोकोत्तर फलचित्त ४ समेत जम्मा २६ चितलाई अप्पना जवन भनिन्छ । अप्पना जवनको कार्य गर्दा बाहेक काम जवनको कार्य हुँदा कुशल वा अकुशल चित्तले ग्रहण गरेका आम्लबन नै दोहोरो तेहोरो तरीकाले सात पटकसम्म ग्रहण गरेर आलम्बनको अनुभव गर्दै आलम्बनको रस चुस्दै आलम्बनमा आशक्त हुँदै कर्मसंस्कार बन्न पुग्दछ । त्यसकारण चित्तको वीथिमा आउने चित्तहरूमध्ये जवन- चित्तलाई नै कर्म संस्कार बनाउने कारखानाको रूपमा हेर्नुपर्दछ । कुशल जवन– चित्तबाट कुशल संस्कार नै बनिन्छ, र अकुशल जवन- चित्तबाट अकुशल संस्कार नै बन्दैजान्छ ।

माथि उल्लेख भए बमोजिम सातौं जवन–चित्तसम्म–को रफतारमा कर्मसंस्कार बन्ने भनेको त्यो अवस्थामा हाम्रो चेतना दरिलो भएर आउने कुरा पनि जान्नुपर्दछ । हाम्रो चेतनाले प्रेरित गरेर नै कुशल वा अकुशल काम हामीले गर्नेछौं । त्यही कामलाई नै कुशल कर्म वा अकुशल कर्म भनिन्छ । अंग पुगेको कर्मलाई संस्कार भन्ने गरेको हो । हाम्रो कर्म संस्कार यही जवन चित्तको

लगातार सात पटकको दौरानको अवधि भित्रमा बन्ने हुन् । यही जवन-चित्तको दौरानमा नै हाम्रो चित्तले आलम्बनप्रति रागयुक्त वा द्वेषयुक्त प्रतिक्रिया गर्ने हो। सोही प्रतिक्रिय को आधारमा हाम्रो कर्मसंस्कार बन्ने हो।

जवन-चित्तको रफतारमा दगुर्ने सातवटा जवन-चित्तहरूमध्ये प्रथम जवन- चेतनालाई "दिट्ठ धम्म वेदनीय कर्म" याने यहाँको यही वा यही जन्ममा फल दिने कर्म भनी भन्दछन् । सातौं जवन-चेतनालाई "उपपज्ज वेदनीय कर्म' याने अर्को जन्ममा फलदिने कर्म भनी भनिन्छ । प्रथम जवन र अन्तिम सातौं जवनका बीचमा रहने ५ वटा जवनमा रहेको चेतनालाई "अपरापरिय वेदनीय कर्म" याने तीन जन्मदेखि निर्वाण साक्षात्कार नभएसम्म मौका अवस्था हेरी उचित समयमा फल दिने कर्म भनी भन्दछ । यी तीन काल अतिक्रम भै फल दिने नभएको लाई "अहोसि कर्म" याने फल दिएको पनि होइन फल दिने पनि होइन भैसकेको र गरेको मात्रको कर्म भनिन्छ । जवन कालमा बन्ने कर्महरूमध्ये यही जन्ममा फल दिने प्रथम जवनले बनाउने कर्म बलवान् भन्नेहरू पनि छन् । फेरि त्यसलाई निर्बलहरू निर्वाण साक्षात्कार नभएसम्म लखेटेर मौका अवस्था हेरी पर्खेर अवसर मिल्नासाथ फल दिने कर्म नै बलवान् भन्नेहरू पनि छन् । हुनपनि विपाक- चित्तका साथ रहेका प्रथम जवन-चित्त र अन्तिम जवन-चित्त - भन्दा ती दुईका बीचमा रहेका पाँचवटा जवन-चित्तको अवस्थामा बन्ने कर्म संकारलाई नै बलवान् भन्नुपर्दछ। त्यस्तो कर्मसंस्कारदेखि होसियार हुनुपर्दछ । कर्म-संस्कार अकुशल नबनाउनेतर्फ पनि कोशीश गर्नुपर्दछ ।

मृत्युका केही क्षण अगाडिलाई मरणासन्न भन्दछ । मरणासन्न कालमा च्युति-चित्त उत्पन्न हुनु अगाडि ७ वटा जवनको ठाउँमा सिर्फ ५ वटा मात्र जवन-चित्त उत्पत्ति हुन्छन् । त्यसलाई नै "मरणासन्न जवन" पनि भन्दछ । जीवनको सबभन्दा अन्तको यो जवन-चित्त नै पुनर्जन्मको लागि हेतु बन्दछ । यसले पनि साबित हुन आउँछ कि जवन-चित्तको अवस्थामा कर्मसंस्कार बन्ने मात्र होइन जीवनको सबभन्दा पछिको जवन-चित्त नै अर्को जन्मको हेतु बन्ने भएको ले यसले गर्दा पुनर्जन्म पनि हुन जान्छ । अर्को जन्म कहाँ कुन रूपमा हुने भन्ने कुरा पनि मरणासन्न जवनले बनाउने कर्मसंस्कारमा निर्भर गर्दछ । जवन-चित्तको अवस्थामा राम्रो पार्दै लैजान सक्यो भने असल र राम्रो नै कर्म संस्कारहरू हुने हुन्छन् । अनि अपाय भूमिमा जन्म लिनुपर्ने हुनेछैन । राम्रा राम्रा भूमिमा नै जन्म हुँदै जान सक्ने मात्र होइन निर्वाण साक्षात्कार गर्नमा पनि मद्दत हुँदैजान्छ ।

"मानिसका मन र शरीरको रचना यस्तो छ कि त्यो काम गर्नको लागि उपयुक्त छ, सुंगुरले झैं आरामसाथ बसिरहनको लागि योग्य छैन ।"

—जेम्स एलन

"त्यसलाई बफादार नमान जसले तिम्रो प्रत्येक भनाइ र गराइको प्रशंसा गर्दछ, किन्तु त्यसलाई मान जसले तिम्रो दोषको मृदुल आलोचना गर्दछ ।"

—सुकरात

सम्यक् संकल्प

–दयारत्न शा. भि.

पृष्ठभूमि–

भगवान् बुद्धले प्रतिपादन गरेको मूल सिद्धान्तलाई चतुर आर्यसत्य भनिन्छ जस अनुसार (१) दुःख (२) दुःखको कारण (३) दुःख – निवारण र (४) दुःख – निवारणको मार्ग, यी चार प्रकारका सत्यलाई अंगाल्ने बुद्धका बहुजन हिताय र सुखाय हुने मार्गको (धर्म) प्रचार विन प्रतिदिन बढ्दै–गएको छ। यो मार्ग किन यतिका जोडतोडले व्यापकता–का साथ अघि बढेको भन्ने कुराको एउटै समाधान हो यस धर्मको सरल र व्यावहारिक पक्ष। बुद्धधर्म मानवीय जीवनको लागि अति सरल र व्यावहारिक भएको ले अति लोकप्रिय पनि हुँदैगएको हो।

मानिस जन्म लिएदेखि नै दुःखकै भुमरीमा रुमल्लिरहेको हुन्छ (ज्ञात या अज्ञात रूपमा), त्यसैले यी दुःखका कारण थाहा पाउन र त्यसको निवा-रण गर्न भगवान् बुद्धले आर्यअष्टांगिक मार्गको प्रतिपादन गरे। यस मार्ग अन्तर्गतका नियमहरू मानिसहरूले पालन गरी अभ्यास गरेमा जीवनका अनेकानेक विसंगतिबाट केही हदसम्म टाढा हुन सकिन्छ र केही हदसम्म आनन्दानुभूति हुन्छ। बहु-आयामिक अभ्यासबाट बहुपक्षीय आनन्दको अनुभव गर्न सफल होइन्छ जब मनमा आनन्द पैदा हुन्छ तबमात्र ठीकसँग विचार विमर्श गरी लक्ष्य प्राप्त गर्न सफल हुन्छ। यदि मानिसको मनमा अनेकानेक बाधाहरू उत्पन्न भैरहेका छन् भने उसले के राम्रो के नराम्रो सो छुट्याउन समेत सक्तैन र मनले चिताए अनुसार काम गरेमा समाजमा नराम्रो हुन जान्छ र दुष्कर्मको उपाधिद्वारा विभूषित हुन जान्छ। यस्तो दुष्कर्मयुक्त काम हुन नदिनको लागि नै आर्य-अष्टांगिक मार्गको प्रतिपादन गरिएको हो, जुन यस प्रकार छन्-

(१) सम्यक् दृष्टि (२) सम्यक् संकल्प
(३) सम्यक् कर्मान्त (४) सम्यक् आजीव
(५) सम्यक् व्यायाम (६) सम्यक् स्मृति
(७) सम्यक् वाचा (८) सम्यक् समाधि

यी मध्ये अघिल्ला सातवटा मार्गहरू वाह्य क्रियाकलापबाट हुन जाने दुष्कर्महरूलाई भावनात्मक नियन्त्रण गर्ने मार्ग हुन् भने अन्त्यका एउटै मार्ग चित्तमा आइने दुष्कर्म गराउने भावको नियन्त्रण गर्नका लागि अभ्यास गरिन्छ। माथिल्ला सातवटा भन्दा अन्त्यको एउटै मार्गलाई ज्यादा महत्व दिइन्छ किनभने अरू सबै मार्गहरूको अभ्यासबाट सफलता पाउन सम्यक् समाधि अत्यन्त जरूरी छ। मानिसको मनमा रहेका दमित इच्छाहरूलाई उत्तेजित गर्न

अर्धचेतन मनले घचघच्याइरहेको हुन्छ । प्रसिद्ध मनोविज्ञानविद् फ्रायडका अनुसार यी दमित इच्छाहरू बाह्यरूपमा सफल नभएमा सपनामा सफल हुन्छन् तर सम्यक समाधिको अभ्यासले सपना देखिने कल्पना समेत रहँदैन । बाह्यरूपमा पूर्णरूपले नियन्त्रित भइसकेपछि दमित इच्छाले निर्मूल हुन जान्छ । यस बीसौं शताब्दीको विसंगतिपूर्ण मानवीय सहज र सरलरूपले अघि बढाउन यो आर्यअष्टांगिकमार्ग अत्यन्त लाभप्रद रहेको छ त्यसैले विश्वका धेरै– जसो मुलुकमा यसले व्यापकता हासिल गर्दैआएको छ ।

विषय प्रवेश–

यहाँ सम्यक् संकल्पमा केन्द्रित भएर प्रकाश पारिएको छ ।

शाब्दिक अर्थ–

सम्यक् संकल्प के लाई भनिन्छ भनी खोतल्नु-भन्दा पहिले यसको शाब्दिक अर्थ के हो सो थाहा पाउनु आवश्यक छ । यी दुई शब्दहरूमा प्रत्येकको आफ्नै अर्थ छ । यहाँ सम्यक् शब्दले ठीक अर्थात् सही रूपमा भन्ने बुझाउँछ । अंग्रेजीमा Right शब्दले पर्यायवाची रूप लिएको छ । अब संकल्प शब्दको अर्थ के हो सो जानिराख्नु पनि आवश्यक छ । Prof. L. Turner द्वारा सम्पादित Dictonary of Indo Aryan Language अनुसार संकल्प शब्दको रूप विभिन्न भाषामा यसरी दिइएका छन्–

संकप्प – (प्राकृत)
संकप्प – (पालि)
संकप्प – (सिंहल)
संकल्प – (संस्कृत)

यस संकल्प शब्द संस्कृतबाट सीधै तत्सम शब्दको रूपमा नेपाली वाङ्मयमा प्रवेश भएको छ । नेवारभाषाभाषीले पनि तत्सम शब्दको रूपमा प्रयोग गर्ने गरेका छन् । उपसर्ग र क्लिप (क्लृप) धातुको विकसित रूप संकल्प भएको हो भन्ने कुरा व्युत्पत्तिशास्त्र अनुसार (Etymolgically) प्रमाणित हुन्छ । अब क्लिप् धातुको व्याख्या या ध्वनिले to form a resolution र to make up one's own mind जनाउँछ भने क्लृप शब्दले desired, wished, intended बुझाउँछ ।

Diner Anderson द्वारा सम्पादित Paliglossary मा संकप्प शब्दको अर्थ will, thought, desire, intution दिइएका छन् र सम्मा संकप्पोको अर्थ Right Aspiration भनिएको छ जसमा Aspiration को अर्थ

(1) To strong desire to do something important
(2) An object or such desire

यसप्रकार संकल्प शब्दको अर्थ विभिन्न अलंकृत गरी अर्थ स्पष्ट्याउन खोजे पनि यसको खास अर्थ मानिसको मनसँग सम्बन्धित र साधारण तया इच्छा भन्ने बुझाउँछ ।

सैद्धान्तिक पक्ष–

हाम्रो मनमा अनेक किसिमका इच्छाहरू हुन्छन् । तो सबै इच्छा जथाभावी पूर्ति गर्न खोजेमा त्यसबाट हानि नोक्सानी उत्पन्न भएर दुःखमै

परिणत हुन सक्छ । तर ती अनियन्त्रित इच्छाहरू एक निश्चित रूपमा पूर्ति गर्दैलगेमा अहितकर हुनबाट बच्न सकिन्छ । हामीद्वारा व्यक्त गरिने इच्छाहरू क्लेश रहित भएर हितकार्यमा आश्रित भयो भने सही इच्छा हुन जान्छ र त्यसलाई प्राप्त गर्न मनद्वारा गरिने दृढता नै बौद्धसिद्धान्त अनुसार सम्यक् संकल्प भनिएको छ । चोर्ने इच्छा, ढाँट्ने इच्छा, चुकली गर्ने इच्छा, मिलेकालाई फटाउने इच्छा, हिंसा गर्ने इच्छा, आदि सबै सम्यक् संकल्प विपरीतका मानवीय आचरणका उदाहरणहरू हुन् । यी अहितकर आचरणहरू केवल बौद्धजनले मात्र होइन मानवमात्रले (सबै धर्मको) अपनाउनु पर्ने देखिन्छ । तर बौद्धसिद्धान्तको रूपमा प्रतिपादन भएको हुँदा आर्यअष्टांगिकमार्गको अनुसरण गर्नु भनेको बौद्ध हुनजाने जस्ता भ्रम अबौद्धमा उत्पन्न हुन सक्छ । यो आर्यअष्टांगिकमार्ग अनुसार आफ्नो चरित्रको विकासबाट मानवमात्रको कल्याण हुने कुरामा दुई मत छैन ।

सम्यक् संकल्पको प्रकार–

बौद्धग्रन्थहरूमा तीन प्रकारका सम्यक् संकल्पको उल्लेख गरिएको पाइन्छ–

(१) निष्क्रमण संकल्प : पंच कामविषयबाट अलग हुने संकल्प अर्थात् इन्द्रियद्वारा घचघच्याइरहँदा उत्पन्न हुने चित्तको क्लेशलाई नियन्त्रण गरेर भावनाद्वारा निष्क्रमण गर्ने संकल्प ।

(२) अव्यापाद सकल्प : कसैलाई ईर्ष्या नगर्ने संकल्प अर्थात् क्षण क्षणमा चित्तमा उत्पन्न हुने विचारहरूबाट ल्याउने अनेकाग्र हटाई एकाग्र चित्त बनाउने संकल्प ।

(३) अविहिंसा संकल्प : मैत्री र करूणाको आड लिई प्राणीहरूलाई दुःख नदिने संकल्प ।

यी सबै सम्यक् संकल्पका सैद्धान्तिक पक्ष हुन् । सिद्धान्तलाई सिद्धान्तको रूपमा ग्रहण गरेर जानिराख्नुभन्दा त्यसलाई व्यवहारमा उतार्न सक्नु नै बौद्धजनको चरित्र र आचरण देखाउनु हो ।

व्यावहारिक पक्ष–

परम्परागत पूजा इत्यादिको शुभारम्भ गर्दा सर्वप्रथम साधारणतया संकल्पको प्रकृया वज्राचार्य पुरोहितद्वारा मन्त्रोच्चारण गराई गरिने प्रथा अद्यापि प्रचलित नै छ । उक्त प्रकृयामा उच्चारण गरिने स्तोत्र मन्त्रमा निहित शब्दले यही बोध गराउँछ कि यस पंचप्रकारका सामग्री सहित जुटाई गरिएको यस पूजाद्वारा रोग शान्त होस्, दुःख निर्मूल होस् इत्यादि प्रार्थना गरिन्छ । उच्चरित स्तोत्र संस्कृतमा भएको हुनाले साधारणतया बुझ्ने चेष्टा नगरेको ले कर्मकाण्डमा मात्र सीमित रह्यो । परम्परादेखि गर्दैआएको म्हास्नु हुँदैन भन्ने धारणामा मात्र सीमित राखेर चलाउँदै आएको अर्थद्वारा ज्ञान हासिल गर्ने तर्फ नलागेको देखिन्छ । कसैले कसैको भलो नहोस् भनेर पूजा गरिँदैन । भलो होस्, हितचित्त होस् भन्ने आशिका गरेर नै पूजाको आयोजना गरिन्छ र प्रेरणा प्राप्त गर्छन् ।

एवं प्रकारले थेरवाद परम्परा अनुसार पनि जल, पुष्प, धूप, प्रदीप, भोजन व्यञ्जन, फलफूल आदि सबै चढाउन एकएक श्लोक पढिन्छ जस्तै फलफूल चढाउँदा पढिने श्लोक यसप्रकारको छ–

अधिवासेतु नो भन्ते खज्जकं उपनामितं
अनुकम्पं उपादाय पटिगण्हातु उत्तमं ।

अर्थः– भन्ते ! तपाईंलाई योग्य उत्तम भएको फल-फूल चढाएं, ममाथि अनुकम्पा गरी ग्रहण गरियोस् ।

यसरी सबै प्रकारका सामग्री शुद्ध चित्तले चढाइसकेपछि अन्त्यमा प्रार्थना गरिन्छ–

इमाय बुद्धपूजाय कताय सुद्ध चेतसा
चिरं तिट्ठतु सद्धम्मो लोको होतु सुखी सदा ।

अर्थात् शुद्ध चित्तले गरेको यो बुद्धपूजाद्वारा लाभ भएको पुण्यको प्रभावले सबै तथागतको सद्धर्म चिरस्थायी होओस् सबै सत्वहरू सुखी होउन् ।

यस किसिमको चिर इच्छा मनमा राखी प्रार्थना गर्ने प्रक्रिया पनि सम्यक् संकल्पको एक ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ ।

यस बाहेक कसैले शान्ति कायम होस् र बहुजनको जीवन सुखमय होस् भनी आशिका गरेर दान गर्छन् भने त्यो पनि उच्च किसिमको संकल्प नै हुनेछ । तर कसैले शुद्ध मनले दिएको दान (पदार्थ) लाई उसको इच्छा मुताबिक नगरिकन अन्य काममा प्रयोग गरियो भने जसले दान (Donation) थाप्छ त्यसले नै कर्म भोग गर्नुपर्ने हुन्छ । यहाँनिर धम्मपदको अज्ञान– वर्गमा उल्लिखित एक वाणी उद्धृत गर्नु असान्दर्भिक हुनेछैन ।

ममेय कत मञ्ञन्तु गिही पब्बजिता उभो ।
ममेव अति वसा अत्थु किच्चा किच्चेसु किस्मिचि
इति बालस्स संकप्पो इच्छा मानो च बड्ढति ।।

अर्थात् खराब बिचार हुने भिक्षुले यस्तो इच्छा गर्छन् भिक्षु गणमा माथि बसूं, मठ र विहारको अधिपति होऊं, अर्काको घरमा पूजित होऊं सबै काम आफूले भने झैं होस् । यस्ता संकल्प गर्नेको मनमा तृष्णा र अभिमान बढ्दैजान्छ ।

पैसा धेरै खर्च गरेर दान गर्दैमा पुण्य धेरै हुने होइन, दान गर्नेको संकल्प अनुसार पुण्य संचय हुन्छ तर संकल्प ठीक किसिमको अर्थात् सम्यक् किसिमको भएन भने पनि बौद्धसिद्धान्त विपरीत भइदिन्छ ।

एवं प्रकारले दुई व्यक्तिका बीचमा रहने सम्बन्ध पनि ठीक किसिमको संकल्पबाट कायम भइरह्यो भने दुबै पक्षको हित भइरहन्छ । त्यस्तै दुई राष्ट्र बीचको सम्बन्ध पनि सम्यक् संकल्पमा आधारित भएमा दुबै राष्ट्रको हित भई शान्ति कायम हुन्छ । यसरी विश्वशान्ति कायम गर्नको लागि सम्यक् संकल्प पनि अनिवार्य रूपमा देखा पर्दछ ।

दोष रहित राम्रो काम गर्छु भन्ने प्रतिज्ञा अनुसारको भावना राखिराख्नु सम्यक् संकल्पको अर्को रूप हो ।

यसरी व्यक्ति व्यक्तिदेखि लिएर राष्ट्र राष्ट्रसम्म पनि शान्ति कायम गरिराख्ने एक मार्गका रूपमा भगवान् बुद्धले २५०० वर्ष अघि नै प्रतिपादन गरिसकेको आजसम्म लागू हुन सक्नु नै बुद्धधर्मको सबल पक्ष हो ।

राग, द्वेष, मोहरहित इच्छा अनुसार आफ्नो जीवन–पद्धति अघि बढाउँदै लगेमा निर्वाणसम्म पुग्न सक्ने विश्वास लिन सकिन्छ । यही नै सम्यक् संकल्प जस्तो मार्गको प्रतिपादन हुनुको मौलिक उद्देश्य हो । जसलाई Right Aspiration को रूपमा स्वीकार्न सकिन्छ ।

(बर्ष १४ अङ्क १ बाट क्रमशः)

हिन्दूधर्मग्रन्थहरूको वर्तमान रचना बौद्ध अभ्युदय पछिको हो

श्रीमत् परमहंस परिव्राजकाचार्य १०८ स्वामी श्री शंकरतीर्थ यति महाराज दिसेम्बर १९४१ को 'कल्याण' बर्ष १६ अङ्क ५ मा आपनो वर्णाश्रम विवेक शीर्षक लेखमा लेख्नुहुन्छ–

"पहिले बताएका शास्त्रीय प्रमाणहरू भएर पनि कुनै भन्दछन् कि वर्णाश्रम – व्यवस्था जन्मगत हुन सक्दैन, गुणहरूको विकास र कर्मानुष्ठान अनुसार जति परिवर्तन हुनसक्छ, जसरी (१) विश्वामित्र क्षत्रियबाट एकैशरीरले ब्राह्मण हुनगयो, (२) मातङ्ग चाण्डालबाट एकै शरीरले ब्राह्मण हुनगयो, (३) दासकन्या सत्यवतीको पुत्र मुनिश्रेष्ठ वेदव्यास हुनगयो; (४ वेश्यापुत्र वसिष्ठ एकै जन्ममा ब्रह्मर्षि हुनगयो, (५) किरातपुत्र नारद एकै जन्ममा देवर्षि हुनगयो, (६) शूद्र–सन्तान दस्यु रत्नाकर महर्षि बाल्मीकि बन्यो त यस्ता सानिसलाई शास्त्र नजान्ने र स्वार्थी बाहेक अरू के भन्न सकिन्छ ? माथि बताएका ६ कुराहरू कपोल–कल्पित र मिथ्या हुन् ।

बम्बईको निर्णयसागर प्रेसबाट प्रकाशित अष्टोत्तरशतोपनिषद् ग्रन्थमा 'वज्रसूचिक' भन्ने एक उपनिषद् छ । यस ग्रन्थमा ब्राह्मण आदि वर्णभेदको रहस्य सम्झाउने चेष्टा गरेको छ । ब्राह्मण आदि वर्ण भेदको प्रतिष्ठाको लागि श्रुति, स्मृति, पुराण, इतिहास र तन्त्र आदि सनातन वैदिक शास्त्रहरूद्वारा प्रतिपादित प्रचलित युक्तिहरुको खण्डनको लागि यो ग्रन्थ (वज्रसूचिक उपनिषद्) अश्वघोष नामक एक बौद्धद्वारा लेखेको हो । यस ग्रन्थको भूमिका मा भूपाल राज्यको पोलिटिकल एजेन्ट विल्किन्सन (Wilkinson) साहेब लेख्नुहुन्छ "The Wajra soochi or Refutation of the arguments upon which the Brahmanical Institution of caste is founded by a Learned Buddhist Aswaghosa" 'अर्थात् वज्रसूची अथवा ब्राह्मणधर्मको वर्णभेदका युक्तिहरूको खण्डन नामक ग्रन्थ बौद्ध पण्डित अश्वघोषले रचेको हो । विल्किन्स साहेब उपर्युक्त भूमिकामा एक ठाउँमा लेख्नुहुन्छ, – "There is no evil in Indian society which has been so much deplored by those auxious to promote the enlightement of the people as the Institution of caste." अर्थात् भारत वर्षीय समाजको संस्कार र उत्कर्षविधानको लागि जो उत्सुक छन् ती मानिसहरूले वर्णव्यवस्थालाई सबै भन्दा बढी हानिकर्ता बताएर खेद प्रकट गरेका छन् ।

भदन्त बोधानन्द महास्थविर

यो 'वर्णाश्रम विवेक' नामक लेख धाराबाहिक रूपले कल्याणको पछिल्लो धेरै अंकमा निक्लेका छन् जसमा जन्म अनुसार वर्ण

व्यवस्थालाई शास्त्रप्रमाणबाट राम्ररी सिद्ध गरेको छ र कर्मानुसार वर्णव्यवस्थालाई प्रमाण रहित। लेखकको यो भनाइ छ कि वज्रसूचिक उपनिषद् अश्वघोष नामक एक बौद्धले लेखेको हो, यसले यस ग्रन्थमा गुण-कर्म अनुसार वर्ण परिवर्तनको विषयलाई जानाजानी स्थान दिएको छ, जुन सत्यलाई दबाएको बाहेक कुनै होइन।

काशीका प्रसिद्ध विद्वान् श्री युत राय कृष्णदासज्यू बैशाख १९९८, नागरिप्रचारिणी पत्रिका वर्ष ४६ अङ्क १ को वाल्मीकि र त्यसको काव्य रामायण नामक लेखमा हेर्नुस् वेदको विषयमा के भनेको छ– "वाल्मीकि एक स्वरको अनुष्टुप् छन्दको जन्मदाता मानिन्छ। यो अनुश्रुति पुरानो हो। तैत्तिरीय उपनिषद्को भृगुवल्लरी–मा एक भृगुको यो युक्ति – "अहथुं श्लोककृत अहथुं श्लोककृत् अहथुं श्लोककृत् (१० सौं अनुवाक् अर्थात् वेद-हरूको उपविभाग) यसै अनुश्रुतिको आवाज हो। वाल्मीकि-को सम्बन्ध गानसित थियो अनि अनुष्टुप् एक विशुद्ध गेय छन्द हो। एक गायकद्वारा त्यसको उत्पत्ति तर्कसंगत छ।

यदि यो भनूं कि ऋग्वेदका मन्त्रहरूमा अनुष्टुप् प्रयोग भएको छ भने त्यसबाट यस स्थापनामा कुनै बाधा पर्दैन। अहिलेसम्म ऋग्वेदका मन्त्रहरुको समय समका-लीनको आधारमा स्थिर गरेको छैन। सम्भव छ, त्यसको जुन मन्त्र अनुष्टुप्मा छ त्यसका ऋषिहरूका समय वाल्मीकिको भता पर्‍यो। फेरि वेदमा अनेक युक्तिहरू थपेका छन् - के बलिको खम्बामा बाँधेको शुनःशेप छन्दोबद्ध प्रार्थना बनाउन बसेको थियो? के इन्द्र-शचीको (वृषाकपिको सम्बन्धमा) संवाद, सरमा (नीच प्रकृतिको स्त्री) र पणिहरूको संवाद, उर्वशी-पुरूरवाको छन्दोबद्ध कथोपकथन (बातचीत) दीर्घतमा–नदी वार्तालाप आदि छन्दोबद्ध भएको ले र आफ्ना विषयहरूको कारण वास्त-विक हुन सक्छ? कहिले र कसले यिनीहरू बनाए? कति मन्त्रहरू ऋषिहरूले थपे? अर्थात् जुन बेला तिनीहरू आए त्यसको वास्तविक रचयिताको ठीक ठीक यादसम्म पनि रहन गएन। कति मन्त्रहरूका ऋषिहरू देवगण हुन्, जस्तै विवश्वान् आदित्य १०।१३।-१–५को यम १०।१४। १–१६ को। बाकी मन्त्रहरूको त छैठौं मन्त्रलाई छोडेर स्वयं यम देवता पनि हो। फेरि संग्रह हुनु अघि मन्त्र–हरूको रूपमा के के परिवर्तन भैसकेको थियो, भन्न-सकिँदैन। सम्भव छ, त्यसको छन्द एकबाट अर्को हुन गएको छ।

यी परिस्थितिहरूमा एक पनि अनुष्टुप् ऋचाको विषयमा निश्चय गरी भन्न सकिँदैन कि त्यो वाल्मीकि भन्दा पहिलेको हो, यसैले यो अनुश्रुतिको अनुष्टुप् छन्द मा बाँध्ने बाल्मीकि नै हुन्। यसको विरुद्ध भावात्मक प्रमाण नपाएसम्म यसलाई अस्वीकृत गर्न सकिँदैन। यसैले यो भन्नु पर्दछ कि वेदहरूमा यस वृत्तान्तको व्यवहार वाल्मीकि पछि भएको हो।

माथि जुन भारतीय प्रतिभाशाली महापुरुषहरूको प्रमाण उद्धृत भएको छ, तिनीहरूको परिचय दिनु सूर्यलाई बत्ती देखाउनु हो। पाठकहरूलाई माथि बताएका उदाहरण हरूबाट थाहा भयो होला, वर्तमान हिन्दूशास्त्रहरूको धेरै जसो रचना बौद्धयुग अथवा त्यसपछिका हुन्। सुरुमा ती मूलरूपमा केही भएता पनि बौद्ध अभ्युदयको कारण त्यसमा धेरै नै अंश छोडनु बढाउनु र बदल्नुपर्‍यो। यस्तो अवस्थामा यो कुरा कसरी विश्वासिलो र संतोष-प्रद हुन सक्छ कि जुन भगवान् बुद्धले भन्नुभएको छ, तो सबै च तुर्वर्णी हिन्दूशास्त्रहरूबाट लिएका हुन् र भगवान् बुद्धको कथन र उपदेशमा कुनै मौलिकता छैन। ✱

–अनु० गजराज वज्राचार्य

बुद्ध-जीवनीमा वृक्ष

– ज्योति शाक्य

भगवान् बुद्धको जीवन विशेष रूपले खुल्ला, स्वच्छ प्रकृतिको माझ नै बितेको थियो। उहाँ बस्नुभएको अधिकांश स्थान बन भनेर प्रसिद्ध भइरहेको हामी पाउँछौं, जस्तै– जेतबन, वेणुबन, मृगदाबन, लुम्बीनीबन, आम्रबन सिंसपाबन, शालबन इत्यादि। बन भन्नासाथै अनेक प्रकारका रूखहरूको कल्पनाले ठाउँ लिइहाल्छ। हुनपनि बुद्ध- जीवनीमा रूखहरूको स्थान निकै महत्वपूर्ण देखिन्छ।

कपिलवस्तुका राजा शुद्धोदनका पुत्रको रूपमा भावी बुद्ध अर्थात् सिद्धार्थ कुमारको जन्म एउटा रूख– मुनि भएको थियो भनी हामी सुन्दै पढ्दै आइरहेछौं। यसरी मानव लोकमा एउटा रूखमुनि प्रथमपल्ट पदार्पण भएको उनको जीवनको अन्तिम क्षण पनि रूखमुनि नै बितेको थियो।

सिद्धार्थ सानै छँदा एक दिन महाराज शुद्धोदन रोपाईंको उत्सवमा सपरिवार व्यस्त रहँदा सिद्धार्थलाई एउटा जम्बु- वृक्षको छहारीमा राम्ररी पर्दाले सजाइराखेको थियो कोही नभएको मौका पारी सिद्धार्थ कुमार वज्रासनमा समाधिमग्न भइरह्यो। मध्यदिनपछि घाम पश्चिमतिर लागे अनुसार अरू सबै रूखहरूका छायाँ सर्दैगए तर अनौठो ढंगले सिद्धार्थलाई जुन रूखमुनि राखिएको थियो त्यसको छायाँ भने स्थतिकै रहिरह्यो। महाराज शुद्धोदनले समेत आफ्नो छोराको अद्भूत लीला देखी आदरपूर्वक नमस्कार पनि गरे भन्ने उल्लेख पाइन्छ। बुद्धले यसरी आफू गृहस्थ छँदा नै आफ्नो जीवनको प्रथम अलौकिक चमत्कार एउटा रूखको माध्यमबाट देखाएका थिए।

सुजाता नाउँ भएकी एउटी कन्या अनि बोधिसत्व सिद्धार्थको एउटा प्रसङ्ग पनि रूखकै माध्यममा घटित भएको छ। वृक्षदेवका रूपमा जुन रूखलाई सुजाताले पूजा गर्दै आइरहेकी थिई, त्यही रूखमुनि सिद्धार्थले ध्यान गरी बसिरहेको संयोग परेको थियो। सुजाताले वृक्ष– देवता स्वयं प्रकट भइरहेको ठानी विशेष प्रकारले बनाए– को खीर चढाएकी थिइन्। बोधिसत्व सिद्धार्थले उठि- कन वृक्षपरिक्रमा गरी सुवर्णथालमा खीर ग्रहण गर्नु - भएको थियो र त्यसको लगत्तैपछि समाधि पूर्ण गरी संबोधिज्ञान प्राप्त गर्नु भएको थियो। बुद्धत्व-प्राप्ति अघि उनको जीवनमा भएको यो घटना पनि रूखसित सम्बन्ध रहेको उल्लेखनीय मानिन्छ।

जुन रूखमुनि वैशाख - पूर्णिमाको दिन सिद्धार्थले बुद्धत्व प्राप्त गरे त्यो रूख बौद्धजगत्मा बोधिवृक्ष नाउँले प्रख्यात छँदैछ। लुम्बिनीमा रूखमुनि सिद्धार्थ

जन्मेकै दिन वा बेलामा गयामा यो रूख उत्पन्न भएको पनि एउटा अद्वितीय संयोगको कुरो थियो। सम्बोधिलाभ पछिका सात हप्तासम्म उनले विभिन्न रूखहरूमुनि बसी समाधिसुख लिनुभएको थियो। बोधि-वृक्षपछि क्रमैले अजपाल, न्यग्रोध (बर), मुचलिन्द नामका रूखहरूका फेदमा, त्यसपछि राजायतन भन्ने रूखमुनि सात दिन बिताई निर्वाण-सुख अनुभव गर्नुभएको वर्णन पालि - साहित्यमा पाइन्छ। त्यही राजायतन वृक्षको छहारीमा बस्नुहुँदा तपस्सु अनि भल्लुक दुई व्यापारीहरूले प्रदान गरेको भोजन स्वीकार गर्नुभएको थियो। यसरी बुद्धको जीवनीमा रूखले समय समयमा महत्वपूर्ण स्थान लिँदैगएको हामी पाउँछौं।

एकपल्ट श्रावस्तीमा तैर्थिकहरूको मिथ्याप्रचारको आशय निर्मूल गरी सत्यको प्रतिस्थापना गर्ने बुद्धले प्रदर्शित गर्नुभएको एक प्रसिद्ध प्रातिहार्य पनि एउटा रूखसित नै सम्बन्धित थियो। राजाकी एकजना गंड नामकी माली थिई जसले एक दिन एउटा आँप बुद्धलाई चढाएकी थिई। तथागतले त्यो आँपको रस खानुभयो र बियाँ चाहिँ त्यही एक ठाउँ जमीनमा गाडिदिने आज्ञा दिनुभयो। पछि बुद्धले त्यसमाथि हात धोइदिनुमात्र भएको थियो त्यहाँ आँपको बोट उत्पन्न भयो र एकैछिनमा बढेर लटरम्म आँप पनि फल्न थाल्यो। 'गडम्ब – रूख' नाउँले त्यो रूख प्रसिद्ध भएको उल्लेख पाइन्छ।

सम्बोधि – प्राप्तिपछि आफ्नो स्थितिको विश्लेषण गरी बताउनुहुँदा बारम्बार तथागतले रूखको प्रतीक प्रयोग गरी भन्नुहुन्थ्यो –"जरो उछिट्टिसकेको बोट पूरै काटिसकेको रूखको जमीनमा गाडिएको भागबाट फेरि टुसा पलाउन जसके झैं भौतिक रूप, वेदना, संज्ञा, संस्कार अनि विज्ञानरूपी तीन सबै विनष्ट गरिसकिएका हुन् जुनबाट तथागतलाई आकार प्राप्त थियो। तथागत त 'काया' को अभिधानबाट सर्वथा मुक्त हुन्।" यसैप्रकार बुद्धले उपदेश गर्नुहुँदा पनि अनेकपल्ट रूखको उपमा वा माध्यम लिई बताउनुहुन्थ्यो जो उनको विशेषता भन्नसकिन्छ। एकपल्ट तथागत सिसपाका बनमा बस्नुहुँदा आफ्नो हातमा एक मुट्ठी पात लिई भन्नुभएको थियो –"भिक्षुहरू हो! तिमीहरूको भन्छौ? मेरो यो मुट्ठीमा भएको सिसपाका पातहरू धेरै छन् कि यो हामी मास्तिर झ्याँगिएको रूखका पातहरू धेरै छन्?"

'भगवान्! रूखमा कता हो कता धेरै छन्!"

'यसरी नै भिक्षुहरू हो! आफ्नो अधिज्ञान-द्वारा मैले जति प्राप्त गरें त्यसमध्ये पनि मैले जे जति बताएको छैन तीं मैले बताइसकेको भन्दा अझ कता हो कता धेरै छन्।" तथागतको असीमित ज्ञानको गरिमा यो उपमाले कति सुस्पष्ट भएको छ।

श्रद्धावान् सन्तपुरुषहरूका गुण वर्णन गर्दै रूखकै प्रतीक प्रयोग गरी एकपल्ट भन्नुभएको पनि कति घतलाग्दो छ –

'जुन महान् वृक्षमा हाँगा बिँगा, पात फूल-फल हुँदैछ त्यस्तो स्कन्धयुक्त समूल सफल वृक्ष चराचुरुङ्गी-हरूका निम्ति योग्य बासस्थान बन्दछ, कोही शीतल छहारीका लागि, कोही सुरस फलका निम्ति त्यहाँ आश्रय लिन पुग्छन्। उसैगरी वीतराग, वीतद्वेष, वीतमोह जनहरू पुण्यका क्षेत्र हुन् र वहाँहरूले शान्त

कोमल, संयत, प्रीतियुक्त मृदुपुरुषको आश्रय ग्रहण गर्दछन् । यसैतरीकाले कहिले शील सदाचारी पुरुषहरूको, कहिले काहीं दुराचारीहरूका सम्बन्धमा केही भन्नुहुँदा रूखको उपमा वा प्रतीक लिएर उपदेश गर्नुभएको बौद्धग्रन्थहरूमा यत्र – तत्र पाइन्छन् । अर्को एउटा यस्तै नमूना झैं देवदत्तको दुष्टयाईंलाई लिएर एकपल्ट बुद्धले भन्नुभएको उल्लेखनीय छ – 'भिक्षुहरू हो ! केराको बोट वा बाँसको बोटले आपनै वधकानिम्ति फल दिने गर्दछन्, आपनै पराभवका-लागि फल दिन्छन्, यसरी नै भिक्षुहरू हो ! देवदत्तले पाएको जतिपनि लाभ - सत्कार तथा प्रशंसा छन् ती सबै उसको आपनै हानिका निम्ति हुन् ।

ध्यानी भिक्षुहरूद्वारा नै बनको शोभा झल्कि-रहेको हुन्छ भन्ने भाव भगवान् तथागतले प्रकट गर्नुभएको पनि कतै देखिन्छ । त्यागी, अरण्यवासी-हरूका लागि ध्यानको सुख नै सबैभन्दा महान् सुख हो । साधारण मानिसहरूका निम्ति आँखाले उपभोग गर्न सुरम्य मनोरम होइने प्राकृतिक सौन्दर्य अर्कोतिर तपस्वीहरूका लागि ध्यान उद्दीपककारण हुँदैछ भनिन्छ सायद भगवान् बुद्धले त्यसैकारण उपदेशको अन्तमा –"भिक्षुहरू ! रूखको त्यो शीतल छाया यो शून्य स्थानमा ध्यानमा मग्न होऊ, प्रमादतिर नलाग । पछि पश्चात्ताप गनं नपरोस् यही मेरो अनुशासन हो.....' भन्दै समय समयमा सतर्क गराउनुभएको पाइन्छ।

सारिपुत्र अनि मौद्गल्यायन दुई अग्रश्रावकहरू परिनिर्वाण हुँदा पनि संघलाई एउटा रूखको रूपमा लिएर मर्मस्पर्शी भावले भन्नुभएको थियो –' जसरी ठूलो झाँगिएको सुदृढ वृक्षबाट हाँगा भाँचिएर झर्दछ उसैगरी सारिपुत्र अनि मौद्गल्यानले पनि यो विशाल शक्तिशाली भिक्षुसंघबाट परिनिर्वाण प्राप्त गरे ।"

जीवनपर्यन्त यसरी रूखसित अटूट सम्बन्ध राखनुहुने तथागतको महापरिनिर्वाण पनि स्वभावतः वैशाख – पूर्णिमाकै दिन दुई सालवृक्षमुनि नै भयो ।

एकान्त, शान्त शीतल, सुखकर आश्रय तथा ज्ञान साधनकालागि योग्य स्थानका रूपमा रूखसित जतिको पावन एवं महान् सम्बन्ध तथागत बुद्धको जीवनमा देखिन्छ, त्यति अन्यत्र दुर्लभ नै पाइन्छ ।

"केही न केही गरी बस्नु-लाई नै कर्तव्य भन्न सकिँदैन । कुनै समय यस्तो पनि हुन्छ, जब केही नगर्नु नै कर्तव्य मानिन्छ ।"

–टैगोर

[नेपालभाषा]

श्रद्धाय् भिन्नता

उपासक ज्ञानवज्र वज्राचार्य

श्रद्धाया अर्थ विश्वास। 'सध्दा' धयागु पालि शब्द खः, 'श्रद्धा' संस्कृत शब्द। श्रद्धाया तात्पर्य विश्वास व प्रसन्नाताया आकांक्षा खः।

गथे बुलुयाच्वंगु लखय् फट्किरि छकू तया बिल धाय्वं उगु लः यच्स्से च्वनाः निर्मल जुया वैगु खः वथें हे गुम्ह व्यक्तियाके 'त्रिरत्न' प्रति अटल श्रद्धा दयाच्वनी, उम्ह व्यक्तिया चित्त नं येच्चुसे च्वनाः प्रसन्न जुयाच्वनी, आनंद तायाच्वनी, सुंखनाः ग्यानाः भय कयाच्वनीमखु। थःगु मन प्रसन्न यानाः श्रद्धातयाः दान बियाच्वनी। शीलपालन यानाच्वनी। भावना यानाच्वनी, उकीया आनिशंसं नं महत्फलदायी जुयाच्वनी। थ्व खँया सिलसिलाय् बुद्धकालीन घटना छगू न्ह्यथने–

'भगवान् बुद्ध' राजगृहया वेणुवनय् बिज्यानाच्वन। अबलय् बुद्धया नां हे न्यनेमयःम्ह भारद्वाज धयाम्ह ब्रम्हू छम्ह दु। व ब्रम्हूया बुद्धया प्रति अटल श्रद्धा दुम्ह साप बांलाःम्ह धानञ्जानी धयाम्ह कलाः छम्ह दु। वया कलाःया बानि धाःसा नय्बलय् वाका, वइबलय् व हाछिकाः वइबलय् बुद्धया नां काइगु जुया च्वन। ब्रम्हू धा.सा बुद्धया नां न्यनेवं हे न्हाय्पं निपां तीम्ह जुयाच्वन। ब्रम्हूया ब्रम्हूतयत भोजन याकूसा ब्रम्हूनीनं माःगु तक ज्यायाना बीगु। ब्रम्हूनीया भिक्षुपिन्त भोजन याकूसा ईर्ष्या यानाः ब्रम्हू छेंय् मच्वंसे पिहाँ वनीगु। थुगुरूपं इमि निम्ह तिपूया श्रद्धाय् भिन्नता दयाच्वन।

छहु ब्रम्हूया गुरुपिन्त भोजन याकेगु मतीतयाः कलाःम्हेसित धाल – स्वमिसा, कन्हय् जिमि गुरूपिन्त भोजन याकाः बिदा वियामछोतले बुद्धया नां काय्मते, नां कालधाःसा जिं सहयाय् मखु, छंगु गःपः निकू टुका जुइ।

कलाःम्हसिनं धाल – मेगु फुक्कं माःमाःगु तक बिचारयानाः जोरय् यानाबिइ, तर जिगु शरीर सच्छिकू यानाः त्वाःल्हानाछोसां बुद्धया नां काय्गू तोते फै मखु।

ब्रम्हूया कलाः साप यःम्ह जुयाः हानं नन्त्र जुयाः धाल – न्ह्यागुसां कन्हय् छन्हुला म्हुतु सम्हालय् या।

छन्हु भारद्वाज गोत्रं ब्रम्हूतयत भोजन याका च्वंबलय् ब्रम्हूया कलाःम्हस्या भौलि जुइत थल ज्वना वइच्वंबलय् पसिइ तक्यनाः दल। दय्वं तुं "नमो तस्स

भगवतो अरहतो सम्मा सम्बुद्धस्सः" धकाः स्वकः ब्वन । थ्वजक ब्वंगु तायव मखुगु शब्द न्यनेमाल धकाः नयत् जाप्ये म्हुत्वो तय् धुंकूगु हे ल्हुयाः अलच्छिनाःम्ह मिसा छम्ह छेंय् हयातल । थ्व छें गति पति हे दै मखुत धकाः धाधां ब्रम्हूत सकलें दनावन ।

भारद्वाज ब्रम्हू तमं चूर जुयाः थ्व दंकिनों बुद्धया नां कयाः जिगु बेइज्जत यात धकाः ब्वःबियाः तं फुक्कं बुद्धयात दिकल । आःजि छिमि श्रमण गौतमयात वादं बुकाः न्हाय्तोथुले मानि धकाः हाल ।

कलाःम्हसिनं धाल – छिमि महाब्रह्मां हे बुद्धयात त्याके मफु धासेंलि छि छुयाइ ?

ब्रम्हूनं तं ब्वःचिनाः ज्वनावन । बुद्धयात छ पशु चण्डाल गधाः दोहें फै, छं यानाः जिमि कलाः ध्वगिक स्यनावन, जिमि छेंय् न्ह्याबलें ल्वापु, धकाः म्हुतुल्हानाः ब्वःबियाच्वन ।

बुद्धं धाल – ए ब्राह्मण ? छंगु मेगु नं छुं धायगु बाकि दनिला ?

ब्रम्हूनं धाल - छाय् मदै छंके छगू प्रश्न न्यने। छु चीज छता मदयका छोय् फुसा सुख जुइ ? शोक जुइमखु ?

बुद्धं लिसःबिल – तँ छता मदयका छोय् फुसा सुख जुइ । शोक जुइ मखु ।

बुद्धं न्यन– ए ब्राह्मण ? मेगु नं छुं न्यनेगु दनिला ? ब्रम्हूनं छयं हे थस्वय् मछाला: छुंहे धाय् मफयाः क्वछुना च्वन । ए ब्राह्मण ? छंके छगू प्रश्न न्यने । छिमि छेंय् वःपिन्त नके धकाः ज्वरय् यानातयागु भ्वय् पाहां वःपिसं मनःसा सुनां नइ ?

ब्रम्हू नं लिसःबिल – पाहाँ वःपिसं मनःसा व भ्वय् जिमिसं हे नय् ।

बुद्धं धाल – ए ब्राह्मण ? अथे हे थौं छं जितः नानाप्रकारं नाय्म्हुतु पिकयाः ब्वःब्यूवल, व जि छुं नं फयामकया छन्त तुं का ।

थ्व खँ न्यना: भारद्वाज ब्रम्हूया मन फहिल । बुद्धया न्ह्यःने वनाः विन्तियानाः धाल - धन्य ! धन्य ! भगवन्, जिगु अपराध क्षमायानाबिज्यांहुँ । थौं जितः छःपिसं ख्युंथाय् मतच्याकाः क्यनेथें अनेकप्रकारं धर्मया खें थ्वीकाबिज्यात । थनिनिसें जि छःपिनि शरण वया । थुलिधयाः बुद्धयात वन्दना यानाः छेंयलिहाँ वयाः निम्ह तिपू मिलयजुयाः दानशील भावनादि यानाः याउँक जीवन हना च्वन । ★

रस्किनया धापू

१. अपराधयात दण्डं पने फैमखु ।
२. दक्व गल्तीया ऊवलय् अभिमान हे दैच्वनी ।
३. जितः विश्वास दु कि वास्तविक महापुरूषपिन्त न्हापां म्हसीकेगु हे वैगु नम्रता खः ।
४. धैर्य समस्त आनन्द व शक्तिया मूल खः ।
५. विचारशून्यता झीगु ईया मूगु सार्वजनिक आपत्ति खः ।

सिद्धार्थ गौतमया जिवनीलिसे छगू तर्क

-- तीर्थलाल नःघःभनी

भगवान् सिद्धार्थ गौतम बुद्धया जीवनी न्ह्यथनतःगु खँ आपाःथासय् खना। न्ह्यागुलीसं थ्वहे प्यता खँयात जक अप्पो मू बियातःगु खनेदु। छता "सिद्धार्थ मचांनिसें वैराग्य स्वभावयाम्ह खः"। मेगु "बृद्धावस्था खनाः मन क्वतुकूम्ह"। स्वता "महारोगी खनाः हृदय व्याकुल यानाः दुःखित जूम्ह" व प्यता "सीम्ह खनाः थारा न्हुयाः 'संसार अनित्य' धकाः चायकूम्ह"।

धात्थें छु थ्वहे प्यता खं गौतमं थःगु छें स्वःतूगु खःला? संन्यास कयाः भिक्षु जूगु खःला? जुइ फैला? छाय् धाःसा सिद्धार्थ गौतम छम्ह जुजुया काय्। छम्ह राजकुमार। वकलय् तःधीम्ह गद्दीया उत्तराधिकारी। युवराज सिंहासनाधिकारी। उकीसनं सुख, ऐश्वर्य, वैभवय् ब्वलंम्ह कुमार। हाकनं जीवन हनेत छुं खँय् नं म्हो मजू। सकतां पूर्ण जुयाच्वंगु दु। उकि सिद्धार्थं सन्यास रूप काय्मःगु छुं खँ मदु। अय्सां थ्व हे प्यता खं हे संन्यास कयाः भिक्षु जुयाः वंगु धकाः च्वया तःगु खने दु।

खः छता खँ सिद्धार्थयात म्होजूगु दु। व खः मामया मतिना। वया मां मदु। वं मां धयाम्ह म्हमस्यू। मामया मतिना गथे च्वं वं मस्यू। स्नेह धयागु छु खः मस्यू। माया धयागु गथे च्वं मखं छाय्धाःसा वया मां व बुयाः तन्हुः हे मच्वं। थःकाय् सिद्धार्थयात जक मखु, संसारयात हे स्वःताः सुखावती भुवनय् वास याःवन। अय्सां राजकुमारयात मां मदुगु व मामया मतिना मदुगु वाःतक नं ताय्के मब्यू। जुजु शुद्धोदनं थुजोगु अवस्थातक हे वय्के मब्यू। उकिं मामया मतिना मदयाः नुगलय् स्याकाः विरक्त जुइमाःगु ई सिद्धार्थयात मदु गथे सूर्यया काय् म्ह्याय्यात जुल। सूर्यया कलाः संज्ञा धाःम्हसिया पाखें मनु धाःम्ह छम्ह यम धाःम्ह छम्ह व यमुना धाःम्ह छम्ह नापं स्वम्ह मचात दत। छन्हु ग्रीष्म सूर्यया जः सहयाय् मफयाः संज्ञा थःछें विश्वकर्मा थाथाय् वन। थःगु पलिसा संज्ञां थःगु किपाः (छाया) सूर्ययाथाय् छोयाबिल।

व किपाः (छाया) या पाखें नं स्वम्ह मचात दत। छायाया थःमचात धाःसा लुँवह लाय् थें। संज्ञाया मचात यम व यमुना धाःसा मिखाय् च्वंगु धूथें! चिरिमांया न्ह्यःने जक तय् मय गु मखु मिखांतक नं स्वय् मयः। नय् त्वनेगुली जक शासना मखु दायाः दायाः तक नं कसा थाइगु जुल। चिरिमामं ब्यूगु शासना सह याय् मफयाः छन्हु यमं थः बौ सूर्ययात कन। थजाःगु ताःलं यम व यमुनां शासना नल। व थें तुं गौतमं स स्ना न गु मदु। उकीसनं शुद्धोदनं नं नकेमब्यू। उकि थुगु तालया समस्यां वःगु दुःख सिद्धार्थयात मजू।

थथे हे जुजु उत्तानपादया काय् राजकुमार ध्रुव-यात जुल । राजकुमार ध्रुवया थः बौया मुलय् छकः च्वनेगु तःधंगु मनसुवा । वया चिरिमांया काय् राज-कुमार उत्तमया न्ह्याबलें बौया मुलय् च्वने खं । न्हिया-न्हियं मुलय् च्वनाच्वनीगु खं । वथें तुं थः नं छकः मुलय् च्वनेगु तःधंगु इच्छा । अय्सां च्वने मखुं । वयात विधि मब्यूगु धाय्ला वा कमं मदुगु धाय् गब्लें बौया मुलय् च्वने मखं । च्वने मनं ।

छन्हु किजा उत्तम म्हितःवनाच्वंगु पाखय् लाकाः ध्रुव बौया मुलय् च्वनेगु तातुनाः "बाः बा" धाधां ब्वाँय् वन । चिरिमांम्हं "छिमि अबुया मुलय् च्वनेगु छन्त अधिकार मदु धकाः" ल्हाज्वनाः सालाकाल । अले थः काय् उत्तमयात सःताः मुलय् फेतुकल । जुजु उत्तानपादं कान्छिम्ह कलाःया हकय् छुंनं धाय् मफुत । चिरिमांया करतुं ध्रुव बौया मुलय् च्वने मखन । अले ख्वख्वं थःमांयाथाय् वन । मामं थःकाय् ख्वया वःगु खनाः न्यन । ध्रुवं हिहिलनाः जूगुःखँ फुकं कन । अले मामं काय्या मन शान्त याय्त व वया मन तय्गु निंतिं धाल, "बाबु ध्रुव ! छिमि बाःया मुलय् च्वने मखन धकाः नुगः मछिंकाः ख्वय् माःला ? द्यःया मुलय् सदां च्वने दत धाय्व ला गाहे गात नि" । मामं थुलि धाःगु खँ न्यनाः "अय्सा द्यःया मुलय् हे च्वंवने" धकाः न्यादँदुह्म मचा मांयाके बिदा कयाः छें पिहाँ वन । थजाःगु अवस्था नं सिद्धार्थ गौतम-यात मजू ।

हाकनं गोमय्जुया काय् नवराजयात छकः नं लुनंके । चिरा नवराज बुहे मबूनि बलय् छेंया वय-वसान हनेत भिक्षा पवंवंम्ह शिव शर्मा नवराज तःधी जुइकाः नं लिहाँ मवः । छन्हु नवराज पिने म्हितः वं-बलय् पासापिंसं "बौ मदुम्ह मचा" धकाः हिवाय् चवाय् यात । थ्व खँ न्यनाः नवराजया तसकं नुगः ख्वल : थथे हे सिद्धार्थ गौतमयात "मां मदुम्ह मचा" धकाः सुनानं हेस्यानाः धाःगु ताय मदु । नापं थजाःगु घटना गौतम-यात वनं मवः । उकिं सिद्धार्थ गौतम मचांनिसें विरक्त जुइमाःगु छुं खँ मदु । लिसें वैराग्य जुइमाःगु कारण नं छुं खने मदु ।

अथेला मचातय्के विलक्षणता मदैगु मखु । थजाःगु विलक्षणता दुपिं मस्त आपालं खनेदु । उकी मध्ये छम्ह निम्ह जक थन न्ह्यथने । वसुदेवया काय् कृष्ण हे जुल । ह्याउँमचाबलय् हे दुरु जक त्वँत्वं कृष्णं पुतनायात परलोकय् छ्वयाबिल । जुजु युधिष्ठिरया काय् परी-क्षित हे जुल । मांया प्वाथं पिहां वयाकथं मिखा कनाः चाकः मकलं मिखा ब्वयाः माला स्वत । लिसें अर्जुनया काय् अभिमन्यु जुल गुम्हस्यां मांया गर्भय् च्वनाः चक्रब्यूहय् दुहाँ वने सय्कल । मामं न्ह्यःवय्कूगुलिं चक्र-व्यूहं पिहाँ वय्गु सय्के मफुत । नापं अष्टाबक्रं नं मांया प्वाथय् च्वना वेदवेदान्त शास्त्र फुक्क पारंगत यात । लिपा गुम्हस्यां राजा जनकया थाय् धर्मं शास्त्रार्थ जू-थाय् वनाः ब्वतिकयाः बाल्यावस्थाय् हे थः बौयात कैदं पिकया हल । थथे हे विलक्षण प्रतिभा सिद्धार्थ गौतम याके नं मदुगु मखु । कपिलवस्तु लुम्बिनी उपवनय् मायादेवीया प्वाथं पिहाँवयाकथं न्हय्पलाः छिनाबन । थजाः ह गौतम मचांनिसें विरक्त व वैरागी जूइमाःगु ज्याखँ जूगु छुं नं मदु ।

हाकनं पराशर ऋषिया कलाः मत्स्यगन्धाया पाखें दुम्ह काय् कृष्णद्वैपायन (वेदव्यास) मांया गर्भं पिहां वयाकथं तपस्वी जुयावन । लिपा व हे व्यासया काय् शुकदेव नं मांया प्वाथं पिदना कथं पिनापं ज्वनाः तपस्या

(ल्यं २४ पेजय्)

"थथे नं जुइयः"

शान्तिया लँपु

(धाथें जूगु खं)

न्याकाया जेरि स्वाःरि नकल

छखाछें य् काय्यात भम्चा हसेंलि न्ह्याय्पि बिया छवंगु नं त्वःमंक न्ह्याचं थें हे सुसाः कुसाः यानाः थःगु छें या व्यवस्था यथावत् कायम ज्वीक भलि ज्या खें कःधाइ धैगु मती तयाः माजुम्ह लय्तायाच्वन । भम्चा वःबलय् थःगु छें य् यानावयाच्वनागु हिज्याखें कथं भम्चां याय् मसःबलय् माजुम्हं वैत तालीम बियांव वनाच्वन । मेगु हे छें य्, मेगु हे थासय् बासय् ब्वलम्ह जुयाः अन छें या न्हापायागु ज्या– खेंया व्यवस्था भम्चां छुं मस्यू । थः बूगु छें त्वःताः न्हूथाय् ब्याहा यानाः वसेंलि न्हू न्हूगु इच्छा आकांक्षा नं भम्चां नापं ज्वना वःगु जुयाच्वन गुगु स्वाभाविक नं जू । भम्चिया न्हूगु इच्छा माजुम्हसिया लागी छें या विपरीत थें ताल । मचांनिसें माःथाय् माःकथं स्यने कने यानातःपि व ब्वःफयाः व मतिना नं फया. तालीम जुयाच्वंपि बियाछ्वय् धुंपि न्ह्याय्पिनाप तुलना यानाः माजुम्हं नुपः मछिकल ।

अन छें य् व्यवस्था गाः, इलय् इलय् सुचुकुचु याय्गु, पुज्याय्गु, च्या त्वनेगु, जाश्वागु हिजाहीगु, मोल्हुइगु, आखः ब्वनेगु, अड्डाय् वनेगु, पाहुनाया सत्कार आदि कुमचासे यायगु अले ज्याया मार नं अपो दयाच्वंगुया नापं थेंजिहनेगु बानि नं दैच्वंगु जुयाच्वन । इलय् इलय् जक नय् त्वने याय्गु व तिसा वसः न्याय्गु जुयाच्वगु थासय् छें या बानि मस्यूम्ह भम्चां बेइलय् नं नय् त्वनेगु व पुनेगु खें धेंहल । थःन्ह्याय्पिगु गुण व स्वभाव जक स्वैच्वंम्ह समाजया व्यवस्था व मनूतय्के थी थी बिचार दंगु खेंयात थःगु अनुभवया दुने मलाकुसे च्वंच्वम्ह माजुम्हसिया लागी थ्व छगू न्हूगु थें हे ताय्कल, थःगु छें या लागी मनीगु ताय्कल अले मिसा स्वभावकथं सुनां मसीक स्विक ख्वय्गु नं यात ।

छन्हु हिजा हियाच्वंम्ह भम्चां त्यातुसे च्वनावःगुलि याकःचिया जेरि स्वारि नय्गु खें न्ह्याथनः। लाःलाःबलय् लाःला थे नय्गु चलन हे मदुगु छें य् थजःगु प्रस्ताव वःबलय् पूर्वाग्रह दैच्वने धुंकूम्ह माजुम्ह मि जुल । भम्चिगु खेंयात मस्यू पह मताःपह यानाः फसय् ब्वय्का छवत । कन्हय् कुन्हु सुथसिया च्या त्वने त्यगु इलय् न्याकाया जेरि स्वाःरि न्याना: रिकापि जाय्क तयाः भम्चित जक नकल । भम्चां नं अजुगत तकं मचासे लुकु लुकु नल । थ्वखेंया बेलिबिस्तार माजुम्हं थः भाःतयात कन । भाःतम्हं नम्र जुयाः धाल, छं मस्यःगु यात । छुं मस्यूपित ध्याचू न्यंके मज्यू । तालीमया तरिका पाका पाकाः बानिचानि छ्यलेमाः । ध्याचू धैगु स्यूम्ह जूसा वं मरि नै हे मखु । कोर्स पूरा मज्वीकं तालीम ज्वी मखु । न्यैख्वं स्वख्वं जुलकि जंगलय् च्वंम्ह माकः व भालु नं

मनुखं धाःथें प्याखं हुया हं । तरिका युक्त बुद्धि व विवेकं मनूया सिबय् भराय् धिकःम्ह किसि नं मनूया बसय् च्वंगु खना हे च्वनागु दु । ईयत पीमाः नुगः मंठिकेगु व तंचाय्गुलि सेंके बाहेक भिकी मखु ।'' मा–जुम्हसिया छखें खःला धैथें च्वंगु व मेखें लां लां दयां नं तालीम जुयामवःगुली निराश जुगु खें प्वंके भनं न्हिले थे मन्हिले थे याना। सहमति बिल । उथाय् लाक 'क्षाति पारमिता' धैगु नां दुम्ह मिसामचा छम्हसिगु चर्चा खेंय् खेंय् वल । उबलय् हानं भाःतम्हं धाल, ''बुद्धया खुगू पारमिता मध्यय् क्षान्ति पारमिता नं छगू तःधंगु पारमिता खः । सहयाय्गु व धैर्य याय्गुया नां हे क्षान्ति खः । उकि आः जगु खँयात सःया, धैर्य याना: तालीम या ।' थ्व खं माजुम्हसिया मन हिल । ज्ञान ज्वलन । भन्चिया प्रति आशामुखी जुया: स्यने कने यात । भन्चां नं बुलुं बुलुं धैथें छेंया बानि चानि थ्वीका। ज्या सुथां लाकूला धैथें च्वनावल । संसारय् ततःधंगु विश्वयुद्ध थें हे ज्वीगु नामूदगू घरायसी ल्वापु कहलय् जूगु माजु भौया ल्वापुया पुसा ब्वलने मलाकं ध्वगिना: हा चुलि दहय् मफु थें जुया: दुसुनावन । छेंय् शान्ति जुल । सकल परिवार लयताल ।

स्वां

–भिक्षु सुशोभन

अय् स्वां; गुलाब स्वां, छ गुलि बांला:
छंगु रुपं जिगु मिखा हे नल,
छंगु गन्धं जिगु न्हाय् हे सेन,
छंगु स्पर्श जि वें हे जुइन,
अय्नं हे जित: स्वे मगा:निला ?
छ स्वां ख:, छन्त जि बांलाक स्यू,
कं या दथुइ च्वनाच्वंम्ह छ,
छन्त सुनानं थ्वया येंकी तिनी,
मयकूसां छ आमथे गोन्हु च्वनी,
छं छगु स्वभावयात चा:ला, ?
न्यासि चाया:, न्याकुंकया: च्वनाला,
स्वय् माली धका: मती मवंला,
छंगु ब सौन्दर्य छन्त हे नुनिन
अयू नं छं वा; चा:गु मखुनि ।
अय् स्वाँ,
छ धरतीया तिसा ख:,
मनूतय् सिरय् तय् योग्यम्ह,
छ थः अनिश्य जुया:न,
मेपिन्त छं लय् ताय्का च्वन,
धन्य ख: छ,
छगु निस्वार्थ सेवायात प्रणाम !

मिखा

–अनगारिका माधवी

कंगु मिखा तिसी मधुं तले नं ।
गुलि जक लालच, गुलि जक लोभ ।।
रङ्गीन मिखाय् नं उलिहे लोभ ।
म्हासु मिखाय् नं खनेमदेयक लोभ ।।
अय् कनाच्वंगु तगोगु मिखा !
गुलि जक धनय् स्वंच्वनेगु छं ?
न्ह्याक्व स्वया: खना: कमाय् या:सां ।
आखिरय् छ मिखा तिसिनावनी ।।
खुसि ल: न्ह्याकोसां गात धाय् मफु थें ।
छं नं धन स्वय् गात धाय् मफुला ?
ज्वनाबने फुला मिखा कनां: छं !
कमाय् याक्व धन छ नाप ।।
धन छं स्वें जूगुलि जगतं छन्त,
अने तने भि मभि धाय्की छं ।।
आखिरय् छं तोता वनी खनी ।
तिसिना: मिखा छुं म्वाल धका: ।।

विपश्यना–ध्यानया छुं स्पष्टीकरण

–ज्ञानमान तुलाधर, असं

ध्यान धयागु तःता प्रकारया दु तर विपश्यना ध्यान–या थःगुहे महत्व दु । मेमेगु ध्यानं अनेक सिद्धि प्राप्त जुइ, सिद्धिवान् जुइ तर निर्वाण व मुक्तिया निम्ति विपश्यना ध्यानया अर्थ विशेष ध्यान ज्याः स्वयफय्केगु; साक्षी व द्रष्टा जुयाः झीगु शरीरया दुने जुयाचोंगु फुकं स्वयाच्वने फय्केगु; झीगु मनय् वइगु विचारधारायं बगय् मजुइकं अलग जुयाः द्रष्टा व साक्षी जुयाः स्वयाचोने फय्केगु साधना खः । खाल यानाः थुकीयात हे दर्शन विद्या धैतःगु खः । पच्छिमीतयसं दर्शनशास्त्र धयाचोंगु गुगु फिलोशफि (Philosophy) खः व झीगु दर्शनविद्यानाप मिलय्मजू । फिलोशफी धयागु मीमांसा तत्वविचार जक खः विपश्यना ध्यान धयागु खास खास दर्शन जक यायगु साक्षी द्रष्टा जुयाः न्ह्यागुयात नं स्वयाः दर्शक जुयाः अलग जुयाः स्वय् फय्केगु जक हे खः ।

चित्त एकाग्र यायगु साधनायात नं ध्यान हे धाइ, अले ध्यान हे खः तर एकाग्रचित्त धयागु कंसेन्ट्रेसन् (Concentration) छगू जक विषययं (Object) मन आलंवनयानाः साधना याइ थुकीया फल गुगु विषययं (Object) एकचित्त जुइ व विषय प्रष्ट नक्सां खंकाः थुकिं सिद्धि प्राप्त याइ । मंत्र, तंत्र जपादि थ्व छगू विषय मन आलंबन यानाः ध्यान यायगुली हे लाःवः । थः ध्यानया साधनां अद्भूतगु चमत्कार व सिद्धि यानाकाय् फु । थ्वहे एकचित्त (Concentration) या अनुसंधानं थौंकन्हय् बैज्ञानिकतयसं गुजोगु गुजोगु अदभूतगु सामानत आबिष्कार याना हल झीसं खनाचोनागु हे दु । थुकीया थ्वहे तःहंगु महत्व खः तर थुकिं निर्वाण व मुक्ति जुइ मखु । थ्व विज्ञान अनुसधान व बैज्ञानिकतयगु साधना व तःहंगु ज्याभः खः ।

हानं मेगु ध्यान मीमांसक व तत्वज्ञानीतयगु नं दु थ्व (Contemplation) खः प्रकृतिया विषय ध्यान विचार यायगू अर्थात् तःताप्रकारया झंगपंक्षीतःयगु विषय अध्ययन व अनुसन्धान याय्माल । एकचित्त एकाग्रता (Concentration) नाप फरकजुयाः (Contemplation) कंटेम्प्लेशन धाल । थ्व मीसांसा विचारय् ध्यान तत्वज्ञानी फिलोशफरतयत मदय्क मगाः सापहे ज्याःलगय्जू । फिलोशफरतयसं (Contemplation) कन्टेम्प्लेशन ध्यान साधना धाइ । थुकीया थ्वहे तःहंगु महत्व खः ।

थौंकन्हय् झीसं (Concentration), कन्सेन्ट्रेशन, (Contemplation) कन्टेम्प्लेशन, (Meditation) मेडिटेशन, धयागुफु कं ध्यानहेला खनी धका: त्वाक बक यानाः थुइकाचोन । तर यकोपाः । उकिं थ्व भिन्न भिन्न साधनामार्ग खः । थ्व भिन्न ध्यान

साधनाया फल भिन्न भिन्न जुइ । उकिं झीसं बांलाक सीका। थुइका. गुगु फल झीत यः माः उगु ध्यान साधना याय्माः पहिला विवेकतयाः ल्यय् सय्के माल ।

झीत थौंकन्हय् थ्व भ्रम जुयाचो गु दु कि न्ह्यागु ध्यान साधनां नं निर्वाण व दु खं मुक्तयाइ धयागु । तर बांलाक विचार यानाः स्वय्बलय् थथे खनेमदु । थ्व झीगु भ्रम व भ्रान्ति जक खः बांलाक विचारयानाः स्वय्माः । यदि झी निर्वाण व दु खं मुक्त हे जुयाः हानं जन्ममरण जुइम्वाय्केगु जूसा विपश्यना ध्यान अति आवश्यक साधना याय् सय्के व सीके माल । झीके मनय् न्ह्यागु विचार व.सां थःगु शरीरय् न्ह्याथें जाःगु चायाव सां होश-तयाः स्वयाचोनेगु । न्ह्यागु खंसां चायावःसां, निर्लिप्त छुकीसनं, प्यमपुँसे यः मयः राग, द्वेष, मयासे खालि साक्षीभावं दर्शन जक यानाचोनेगु । झीके नानारगया मती लुयावइ । गुलि चायावइ, गुलि स्वखं थ्व न्ह्याइपुसे चोनाः सिनेमा प्याखं स्वय्थें जुइ, मनया तरंग नं कम जुजुं शान्त जुइ धयागु फल प्राप्त जुइ धकाः ततःन्हंपिं तथागत भगवान्पिनिगु शिक्षा दीक्षा दु । उकिं विप-श्यना ध्यान याय्सय्के सीके माः गुकिं जिन्दगीया सार दयाः आनन्द व शान्त अनुभव जुइ । ×

सिद्धार्थ गौतमया . . . . . .

याय्या निंतिं बनबास वन । थथे हे च्यासः गुसादँ न्ह्यः कान्जीकुन्ज कामकोटी मथया मथाधीश आदि शंकरा-च यं नं न्हय्दँया बैसय् मांयाके बिदा कयाः संन्यासी जुयावन ।

आः थन मांया गर्भं पिहाँ वयाकथं न्हय्पलाः छिइ फुम्ह सिद्धार्थ गौतम छेँ त्वःताः पिहाँ मवं । मचांनिसें वैरागीम्ह गौतम तपस्वी जुयामवं । बोधिज्ञानया निंतिं फिरंति जुया मवं । छाय् पिहाँ मवंगु ? कलाः काय् दयकाः सांसारिक माया मोहय् छाय् तक्वनाच्वन ? उकिं सिद्धार्थ गौतम मचांनिसें वैराग्य स्वभावयाम्ह जुयाः बोधिज्ञान लाय्या निंतिं राजाप्रासाद त्वःताः पिहाँ-वन धकाः धाय् लोथें मच्वं । ★

सम्पादकलाई चिठी

सम्पादकज्यू,

'म आनन्दभूमि' पत्रिकाको एक पाठक हुं साथै यस पत्रिकामा प्रकाशन गर्न उपयुक्त लेख, रचना दिएर पत्रिकालाई सहयोग पुऱ्याउनमा पनि म हरदम तयार छु ।तर पत्रिका मासिक भएतापनि विद्यार्थीहरूको लागि त्यति रोचक र पठनीय कुराहरू पाइन्न । साँच्चै भन्ने हो भने बुद्धधर्म सम्बन्धी ज्ञान, देशका सबैजसो बिद्यार्थीवर्गमा दिलाउन यस पत्रिकाले महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरामा कसैको द्विविधा हुन सक्दैन । अतः आउँदा अंकदेखि विद्यार्थीहरूका लागि पनि उपपुक्त हुने खालका लेख, रचना, धर्म साहित्य सम्बन्धी सामग्रीहरू समावेश गरी प्रकाशन गर्ने बन्दोबस्त भए स्कूले अवस्था देखि नै विद्यार्थीहरूमा बुद्धधर्म सम्बन्धी चासो र चाख बढ्ने थियो । अतः सम्बन्धित निकायले यससम्बन्धमा राम्रो विचार पुऱ्याइयोस् भनी यो निवेदन गरेको छु ।

राम ब. नेपाली 'मातृदास'
परोपकार अनाथालय
भीमसेनस्थान, काठमाडौं

[विद्यार्थीका लागि पनि उपयुक्त कुराहरू बराबर छापिएका छन् तापनि माध्यमिक विद्यार्थीस्तरीय विषय प्रकाशनतिर पनि सोचिइराखिएको छ । यस विषयमा चाख लिनुभएकोमा भाइलाई धन्यवाद छ । सम्पादक]

सम्पादकयात पौ

सम्पाद जु,

राणाकालीन बौद्धसमाजय् पुनर्जागरणया शंखध्वनि पुइगुली तःधंगु भमिका दुगु ज्ञानमाल भजन खलः, स्वयम्भूपःखें प्रकाशित जूगु ज्ञानमालाया झिप्यंगूगु सस्करण स्वयगु सौभाग्य चूलाका ब्यूपित न्हापां साधुवाद !

थुगु सफू अध्यन यायां नुगलय् दःसिवगु खँ छता नित्ता थन प्वंके तेना । भलसा दु थ्व दःसियात स्वयः लः अप्वःगु बा मि तब्वःगुया निराकरण नं इलय् हे जइ । नेवाः समुदायया दुने थौंकन्हय् झी मांभाय् व बुद्धधर्मया संयुक्त प्रतीकया मूर्तरूपय् प्रतिबिम्बित जइ धुंकल । अर्कि न्हापां मातृभाषाया पक्षपात यात कया: छुं खें न्हथने मास्ते वः ।

माता स्वदेश जनया थुगु थःगु भाषा ।
चित्तय् सदा सररं वइगु व पासा ।।
तस्मात लोक थन झी प्रियनीय भाषा ।
सेवा थ्वया सकसिनं नित यायें खासा ।। (पृ. ४१)

धकाः आपालं दन्हाः म्ये चिनादीम्ह भिक्षु अमृतानन्द थौं नं झीत सल्लाह बियाबिज्याइ – अधिराज्यया विभिन्न जिल्लाय् मांभाय् ल्हाय् मसयाच्वंपिनि बिचय् ज्ञानमाला म्ये न्यंकेगु स्यनेगु बांलाइ, थुकि मांभाय् प्रति भावना जागृत जुयावइ । थ्व बहुमूल्य मार्गप्रदर्शनया लागी झी उपासक पुचलं वस्पोल प्रति आभार व्यक्त यायगु कर्तव्य खः । किन्तु, थुकीया सार्थकता व वास्तविकता साकार यायेगु निमित्त थुगु मातृभाषा प्रचारया अभियानय् भिक्षुपिनिगु सहभागिता नं अपरिहार्य खः धैगु खँ वंगु २०–२५ दँ या घटना व अनुभवं इंगित यानाच्वगु मदुला ? ह्रासोन्मुख बौद्ध तथा नेवाः जनसंख्या छगू दसु खः ।

आः धर्मया पक्षय् छुं खें । सत्य, अहिंसा व शान्ति थ्व स्वगुलिया बुद्धधर्मनाप उलि हे स्वापू दु गुलि शरीरनाप ला, हि व कोर्यया ! सत्यया मेगु रूप इमान्दारीता खः । अले धर्म, सेवा व सहिंस्यया क्षेत्रय् इमान्दारीता शरीर क्षेत्रय् प्राण वायु थें खः ।

थनि ५९ दँ न्ह्या स्व. धर्मादित्यया, सम्पादनय् पिदंगु 'बुद्ध धर्म व नेपाल भाषा' पत्रिकाय स्व. कवि योगवीरसिंया 'धर्मोदय' नाम छपु कविता पिदन । नुगु २४ गू श्लोकया चिनाखँ १०७७ स ज्ञानमाला भाग ३ स (पृ. ९–११) पुनः प्रकाशित जुल । थ्व हे चिना खँ १०९० स पिदंगु झिनिगूगु सस्करणया ज्ञानमालाय् हानं पिदन तर शीर्षक हिलाः । झिस्वगूगु ली थ्यंबलय् स्वंगू श्लोक पाःजुल । थौं झिप्यगु ली पिदंबलय् छयंगू छवः बाहेक दुनेया अन्द्रा भ्वरि फुक्कं हे हिलातये धुंकुगु जुया च्वन । थुकिया न्हुगु थ्व जुयाच्वन 'धर्म सुधार याव' मूल कविताया श्लोक ल्या ७, ८, १८, १९ या गनं पत्ता हे मदयेक थ्यनाः धलय् वांछय् धुंकल । हानं मूल कवितास गनं हे मरुगु श्लोक ज्यानाः न्हूगु सुधार जुगू (?) ली १०९ ल्याखय् स्वचाका तल । दकलय् अन्तिम २४ गूगु, श्लोकपात २१ गूगु ली थथे च्वयातल–

हे आर्य शान्तिकर बन्धु वीर ।
हे शौर्यशाली प्रभू योगवीर ।।
अज्ञान भूतं बिल जिम्त पीर ।
बिज्याहुँ यायत थन धर्म थीर ।।

(ज्ञानमाला १४ संस्करण पृ. ५९)

सुं नं सामान्य बँबमि पत्याः जुइ मखु कि योगवीरसिजु थःथम्ह नं शौर्यशाली प्रभु धकाः आत्म श्लाघाया लागी थ्व कविता च्वल जुइ । थुकथं मदया बने धुंकुपिं कवि, लेखक व भन्तेपिनिगु नामय् थ्व ट्याक्सीडर्मीया चटक क्यनेगु ज्या झीगु बौद्ध संस्कार यात गुलित ल्वइ ? थुजोगु प्रवृत्ति परपराया रूप थमकाः ! झीस गम्भीर पूर्वक सोचय् यायें माःगु ई अझ नं मवःनिला ?

स्वयम्भूरत्न 'सौरभ'
असं.वा., यें

(२५)

सम्पादकीय

बधाई ज्ञापन

२०४२ सालको एस.एल.सी. परीक्षामा स्वयम्भू-स्थित आनन्दकुटी विद्यापीठले अधिराज्यका ५३६८९ जना विद्यार्थीहरूलाई उछिनी प्रथम श्रेणीमा प्रथम तथा परीक्षार्थी मध्ये नवौं स्थान समेत हासिल गरेको छ। आनन्दकुटी विद्यापीठ बधाईको पात्र छ तथा प्रथम स्थान-मा समुत्तीर्ण हुने २७८३६ पी का छात्र दीपककुमार सिंह र नवौं स्थानमा समुत्तीर्ण हुने गोविन्द उपाध्याय दुबै पनि बधाईका पात्र छन्।

आन दकुटी नाम लिनासाथै स्वयम्भू डाँडामा अवस्थित पवित्र बौद्ध विहार आनन्दकुटी विहारको सम्झना प्रत्येक नेपालीको मानसपटलमा रहन्छ। नेपाल-मा थेरवाद बुद्धधर्मको विकासमा आनन्दकुटी विहारको अतुलनीय देन छ। ती देनमध्ये आनन्दकुटी विद्यापीठ पनि एक हो। आनन्दकुटी विहारगुठीका संस्थापक आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरले स्थापना गर्नुभएको आनन्दकुटी विद्यापीठ शुरुमा बुद्धधर्म प्रचार प्रसारको उद्देश्य अन्तर्निहित भई स्थापना भएको थियो। त्यहाँ बौद्ध चरित्रानुकूलका पाठ्यविषयहरू समावेश थिए। पूज्य भिक्षुहरू अश्वघोष, कुमार काश्यप, सुदर्शन र महानाम आदि भिक्षुहरू पर्यन्त यसमा शिक्षक एवं सुपरिवेक्षक भई काम गर्नु हुन्थ्यो। त्यहाँ अधिराज्यका विभिन्न ठाउँबाट आई आवासीय भई अध्ययन गरी धेरैले प्रवेशिका परीक्षा उत्तीर्ण गरी हालसम्ममा सरकारी तथा गैरसरकारी निकायहरूमा ठूला ठूला ओहोदामा विद्यार्थीहरू काम गरिरहेका छन्। यस विद्यालयले कुनै बखतमा प्रथम श्रेणीमा प्रथम, द्वितीय र तृतीय समेत एकै पटक हासिल गरी ख्याति प्राप्त गरिसकेको थियो।

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि यस विद्यालयमा विस्तारै बौद्धपनको जगेर्नाबाट टाढा हुँदैगएको मा धेरैको गुनासो रहेको छ। श्री ५ को सरकारको पाठ्यक्रम अन्तर्गत रही अध्ययन गर्नु वाञ्छनीय कुरा हो तापनि विद्यालयको आफ्नो पन कायम गर्न थप पठन पाठन र क्रियाकलापको व्यवस्था गर्नुबाट वञ्चित हुनुपर्ने बाध्यता श्री ५ को सरकारले दिएको छैन। अतः जुन उद्देश्यले विद्यालय स्थापना भएको हो सो उद्देश्य पूर्तिका लागि बौद्ध आचरण अनुकूल हुने गरी थप पाठ्यक्रम तथा कार्यक्रम संचा-लन गर्नु वाञ्छनीय छ। भिक्षुहरूको संलग्नता त्यहाँ अत्यावश्यक नै ठानिन्छ। भिक्षुहरूलाई तलब दिइनु र तलबी मात्र मान्नु उचित हुँदैन। भिक्षुहरूका लागि स्कूल स्वयं दायकसभा जस्तो भई बुद्धधर्म प्रचार प्रसारका माध्यम भएका भिक्षुहरूको न्यूनतम आवश्यकता पूर्ति गरिदिनु ज्यादै राम्रो हुनेछ। कुनैपनि कार्यक्रममा त्यस विद्यालयले सक्दो सहयोग पुऱ्याउने र आफैले पनि सक्दो कार्यक्रम संचालन गर्नेछ भन्ने हामीलाई आशा-लागको छ। यस पटकको प्रवेशिका परीक्षामा नवौं स्थानको अतिरिक्त सर्वप्रथम भएको मा प्रधानाध्यापक लगायत सम्पूर्ण विद्यालय परिवारमा आनन्दभूमि हार्दिक बधाई ज्ञापन गर्दछ। ★

के. बी. चित्रकार एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स
क २/१४८ थापाथली,
पो. व. २०४३

आनन्दकुटी विहार गुठीका सदस्यहरू समक्ष लेखापरीक्षकको प्रतिवेदन

हामीले यसैसाथ संलग्न आनन्दकुटी विहार गुठी, स्वयम्भू काठमाडौंको २०४२ घटस्थापनाको कोषको स्थिति र २०४१ आश्विन १० देखि २०४२ आश्विन २९ घटस्थापनासम्मको आम्दानी खर्चको विवरण लेखापरीक्षण गरेकाछौं । हामीलाई प्राप्त भएका सूचना तथा स्पष्टीकरणको आधारमा हामी राय व्यक्त गर्दछौं कि निम्नलिखित टिप्पणीहरू समेत अध्ययन गर्दा संलग्न आर्थिक विवरणले गुठीको २०४२ आश्विन २९ को वित्तीय स्थितिको र उक्त मितिमा समाप्त वर्षको कारोवारको नतिजाको यथार्थ चित्रण गर्दछ ।

टिप्पणीहरू –

१. गुठीद्वारा संचालित र प्रकाशित आनन्दभूमि पत्रिकाको आम्दानी खर्च र कोषको हिसाव संलग्न आर्थिक विवरणमा समावेश भएको छैन ।

२. गुठीद्वारा प्रकाशित ग्रन्थहरूको मौज्दातको भौतिक परीक्षण गरी यथार्थ विवरण तथा ग्रन्थहरूको बिक्रीबाट असुली बाकीको हिसाव तयार गर्न बाकी रहेको छ ।

३. आर्थिक वर्ष २०१६।३७, २०३७।३८ र २०३८।३९ को लेखापरीक्षण सम्पन्न भएको छैन ।

काठमाडौं,
२०४२ माघ ११

सही : कमलबहादुर चित्रकार

आनन्दकुटी बिहार गुठी, स्वयम्भू

२०४२ घटस्थापनाको कोषको स्थिति र

२०४१ आश्विन १० गते देखि २०४२ आश्विन २९ घटस्थापनासम्मको

आम्दानी खर्चको विवरण

		रकम रू–
यस वर्षको आम्दानी –		
गुठीको आजीवन सदस्यता शुल्क		९,९।००
चन्दा – दानपात्र		२१,४८१।००
आनन्दभूमिको आजीवन ग्राहक शुल्क		१०,४००।००
पुस्तक बिक्री		८,८७४।२८
ब्याज आम्दानी		१,१२,८६७ ८१
विविध आम्दानी		५००।००
जम्मा		रू. १,५५ ०३२।०९
यस वर्षको खर्च –		
आनन्दभूमिलाई अनुदान	टिप्पणी २	१६,८३३।३२
बिहार अनुदान		७,२००।००
धर्म प्रचार		८,५५०।००
प्रकाशन	टिप्पणी ३	५ ,०५१।२०
धर्मालोक जयन्ती		१,०००। ०
संस्थापन खर्च	टिप्पणी ४	२४,२२९।४८
जम्मा		रू. १,०९,०६४।००
यस वर्षको बचत –		४५,९६८।०९
वर्षारम्भको मौज्दात –		
बैंकसंग मुद्दति हिसाबमा	७,८९ ८२८।८८	
बैंकसंग बचत हिसाबमा	८,९३४।०४	
तहबिलमा	१,१८३।२०	७,९९,९४६।१२
वर्षान्तको मौज्दात –		
बैंकसंग मुद्दति हिसाबमा	८,२१,४२८।८८	
बैंकसंग बचत हिसाबमा	२३,३०२।१३	
तहबिलमा	१,१८३।२०	रू. ८,४५,९१४।२१
अक्षय कोष –		
अनुदान चन्दा–दानपात्र आदि	५,५४,१०० २५	
मन्दिर निर्माणार्थ चन्दा	८,७७४।८५	
गुठीको आजीवन सदस्यता शुल्क	१४,२२८।००	
आनन्दभूमिको आजीवन ग्राहक शुल्क	४४,९००।००	६,२२,००३।१०
साधारण जगेडा कोष–		२,२३,९११।११
गुठीको कोष २०४२।६।२९ मा जम्मा		रू ८,४५,९१४।२१

संलग्न टिप्पणीहरू १ देखि ४ सम्म यस विवरणको अंग रहेका छन् । हामी संलग्न प्रतिवेदन अनुसार ।

आनन्दकुटी विहार गुठी, स्वयम्भू

२०४२ साल घटस्थापनामा समाप्त वर्षको लेखा सम्बन्धी टिप्पणीहरू

टिप्पणी १ लेखानीति

(१) आनन्दकुटी गुठीको प्रबन्धपत्रको दफा ३ (३) को अभिप्राय अनुसार गुठीलाई प्राप्त भएको अनुदान चन्दा आदि अक्षय राखिकन त्यस रकमको लगानीबाट आर्जित ब्याज, मुनाफा वा आयस्ताबाट मात्र गुठीको खर्च व्यहोर्न सकिने भएको हुंदा आजीवन सदस्यताशुल्क, आनन्दभूमिको आजीवन ग्राहक शुल्क तथा चन्दा-दानपात्रबाट प्राप्त रकमलाई अक्षय कोषमा जम्मा गरिएको छ । लगानीबाट आर्जित लाभमात्र गुठीको उद्देश्य अनुरूप कार्य संचालनमा प्रयोग गरी बचत हुन आएको रकम साधरण जगेडा कोषमा संग्रहन गरिएकोछ र यस कोषको रकम कार्यकारिणी समितिको निर्णयानुसार खर्च गर्न सकिने व्यवस्था रहेको छ ।

(२) ग्रन्थ तथा पुस्तिकाहरू प्रकाशनका खर्चहरू भुक्तानीको आधारमा नै खर्च लेख्ने तथा बिक्री वितरणबाट आर्जित रकम प्राप्तिको आधारमा आम्दानी लेख्ने गरेको छ ।

(३) फर्निचर सामानहरू खरीद भएको बर्षमा नै खर्च लेख्ने गरिएको छ ।

टिप्पणी २ आनन्दभूमिलाई अनुदान

आनन्दकुटी विहार गुठीको कार्यकलाप अन्तर्गत आनन्दभूमि पत्रिकाको प्रकाशन परेतापनि उक्त कार्य व्यवस्थापन छुट्टै भएको हुंदा उक्त पत्रिकाको आम्दानी खर्चको हिसाब गुठीको हिसाबमा समावेश गरिएको छैन । आनन्दभूमि पत्रिकाको आजीवन ग्राहकहरूबाट प्राप्त शुल्क गुठीको मुद्दती निक्षेपमा लगानी गर्ने गरेको छ । यो निक्षेपमा आर्जित ब्याज रकम पत्रिकालाई अनुदान स्वरुप जाने गरेको छ । यसको अतिरिक्त गुठीबाट यसबर्ष रू. १२,०००।– अनुदान पत्रिकालाई गएकोछ ।

टिप्पणी ३ प्रकाशन

१. बुद्धकालीन राज परिवार भाग–३	१,००० प्रति
२. बुद्धकालीन ब्रह्मादिदेव भाग–२	१,००० प्रति
३. बुद्धकालीन ब्रह्मादिदेव भाग ३	१,००० प्रति
४. त्रिरत्न वन्दना र पाठ्यसूत्र	२,००० प्रति
५. जातकमाला भाग–१	१,००० प्रति
६. Buddhism at a glance	१,००० प्रति
७. पालिपाठमंजरी भाग–२	१,००० प्रति
८. आनन्दकुटी गुठीका प्रकाशन सूची	५,००० प्रति
९. ह्वेचसः लिसः	१,००० प्रति

यी ग्रन्थहरू प्रकाशनमा रू. ४४,१७१।२० भुक्तानी यस वर्ष भएको र रू. १६,८२९।४५ भुक्तानी हुन बाकी रहेको छ ।

यस वर्ष निम्न ग्रन्थहरू प्रकाशन कार्य प्रगतिमा रहेको छ–

१. धम्मपदट्ठ कथा भाग–३

२. बुद्धकालीन परिव्राजक भाग–२

३. शब्द सग्रह

यी ग्रन्थहरू प्रकाशनार्थ रू. ७,८८०।- भुक्तान भैसकेको छ।

आनन्दकुटी विहार गुठी, स्वयम्भू

२०४२ साल घटस्थापनामा समाप्त वर्षको लेखा सम्बन्धित टिप्पणीहरू

टिप्पणी ४ संस्थापन खर्च

विवरण	रकम
	रू.
डाक, तार टेलिफोन	२,५५२।३८
अतिथि सत्कार	२,७४१।००
स्वास्थ्य उपचार	३,७००।००
आनन्दकुटी सेवक पारिश्रमिक	१,६७५।००
मर्मत–संभार	७,८८६।५०
मसलन्द, छपाई	२,४०८।६५
अन्य खर्च	२,९६४।६५
जम्मा	रू २४,२२९।४८

सदस्य-सचिव
सही: भिक्षु मैत्री

अध्यक्ष
सही: भिक्षु अश्वघोष

के. बी. चित्रकार एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स
सही: कमलबहादुर चित्रकार
२०४२।१०।२१

[नेपाली भाषा]

२५३० औं बुद्धजयन्ती

२०४३ जेठ ९, काठमाडौं–

२५३० औं बुद्धजयन्ती समारोह समितिको आयोजनामा २५३० औं बुद्धजयन्ती सप्ताहव्यापी रूपमा सम्पन्न भयो । बुद्धको जन्म, बुद्धत्वप्राप्ति र परिनिर्वाणका दिन स्थानीय आनन्दकुटी विहारमा आयोजित सार्वजनिक बौद्धसभामा श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सवारी होइबक्सी आनन्दकुटी बुद्ध मन्दिर भित्र स्थित भगवान् बुद्धको अस्थिधातुमा पूजा गरिबक्सियो । उक्त अवसरमा भिक्षु सुदर्शन सहितको भिक्षु समूहद्वारा मङ्गलसूत्रपाठ र भिक्षु कुमार काश्यपद्वारा पंचशील प्रदान भएको थियो । मौसूफ सरकारहरूमा समितिका महासचिव केदार शाक्य, उपाध्यक्षद्वय कनकमान शाक्य र तीर्थनारायण मानन्धरले क्रमशः फूलमाला बायज् र कार्यक्रम टक्र्याउनुभएको थियो । त्यसबेला आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालले भन्नुभयो– जीवन र मरणको सेरोफेरोमा रूमल्लिएका प्राणी जगत्लाई सत्य र ज्ञानबाट सम्वेदनशील बनाई शान्तिको बाटोतर्फ सप्रवाह डोऱ्याउनु नै बुद्धधर्मको अभिप्राय हो । शान्तिको प्रकाशपुञ्जका रूपमा विश्वभर नै चिनिने गौतम बुद्धलाई सगौरव मानवतावादको कट्टर हिमायती भन्न सकिन्छ । आजको दिनले हामी सबैलाई अमानवीय दुर्भावबाट अलग रही मानवीय गुणहरू एवं यसका नैसर्गिक मूल्यहरूप्रति संवेदनशील हुन प्रेरित गर्दछ । तनाव र कोलाहलबाट कसैको भलो हुँदैन । भय र त्रासले सबैलाई पिरोल्छ तसर्थ शान्तिको बाटो नै एकमात्र मानव जीवनको मूलमन्त्र हो भन्ने नै गौतम बुद्धका उपदेशहरूको सारांश हो । शान्तिका पुजारी गौतम बुद्धले प्रतिपादन गर्नुभएको शान्तिमार्गलाई मुलुकको विकासको लागि एक अपरिहार्य पूर्वाधारको रूपमा स्थापना गर्ने अभिप्रायले श्री ५ महाराजाधिराज सरकारबाट शान्तिक्षेत्रको प्रस्ताव एक दशक अघि नै विश्वसमुदाय समक्ष राखिबक्सेको थियो । समस्त प्राणी जगत्को नैसर्गिक बाटोको सफल पथप्रदर्शक हुनुभएका गौतम बुद्धका मानवीय आदर्श मूल्य मान्यताहरू स्वयं उहाँकै विराट् व्यक्तित्वबाट प्रतिबिम्बित भएका छन् । छलकपट र अभिमानलाई परित्याग गरी सहज सरल हुनुमा नै मानव जीवनको सार्थकता निहित छ भन्ने वहाँको महान् उपदेशको पालना विश्वका प्रत्येक व्यक्तिले गर्नसके सर्वत्र शान्ति व्याप्त हुनसक्छ । गौतम बुद्धको जीवनगाथाले आचरणमा शुद्धता ल्याउन प्रेरणा गर्दछ । शान्ति मानवमात्रको पहिलो चाहना हो, यस वास्तविकतालाई गौतम बुद्धले विश्व समुदायपक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्नुभएको तथ्यसित आज सबै सुपरिचित छन् ।

सो अवसरमा स्वागत भाषण गर्नुहुँदै समितिका अध्यक्ष भिक्षु सुबोधानन्द महास्थविरले भन्नुभयो– आज राजकुमार सिद्धार्थको जन्म, उनको सम्बोधिलाभ र

तथागत अर्हत् सम्यक् सम्बुद्धको महापरिनिर्वाण दिवस हो। चिरस्मरणीय जन्म-जयन्ती, चिरप्रेरक सम्बोधिलाभ दिवस र चिरसंवेजनीय महापरिनिर्वाणको पुण्य-तिथि, २५३० औं बुद्धोत्सव हो। यस्तो त्रिविधि पुण्य-संयोगको पवित्र समारोह राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार र श्री ५ बडामहारानी सरकारको सुखद शान्त समुपस्थितिमा मनाउन पाउनु महान् धर्मप्रतिको विषय हो। आजको दिन हामी बुद्धको गुण स्मरण गर्दै पूजा अर्चना गर्दछौं अनि बुद्धको उपदेश अनुसार धर्मको आचरण गर्दै बहुजनको हित र सुखको लागि प्रयत्न गर्न आफ्नो हृदयमा उत्साह र उमंगको अभिसिंचित गर्दछौं। प्राचीनकालदेखिको श्रद्धाबाट अभिप्रेरित भएर बुद्धको महापरिनिर्वाण पछि उनको अस्थिधातु पूजार्थ संचित गरेको थियो। २००३ सालमा बजिरारामका नारद महास्थविरले पवित्र अस्थिधातु नेपालमा पनि ल्याइनुभएको थियो। तत्कालीन प्रधानमन्त्री पद्मशम्शेरको सल्लाह अनुसार आनन्दकुटी विहारमा चैत्य बनाएर सो अस्थिधातु चैत्यगर्भमा स्थापित गरेको थियो। पवित्र अस्थिधातु बुद्धमूर्ति, बोधिवृक्ष र चैत्यको पूजा अर्चना पहिलो प्रकारको बुद्धपूजा हो। भवतु सब्ब मङ्गलम्। सो अवसरमा समितिका महासचिव केदार शाक्यले भन्नुभयो- वैशाख पूर्णिमाको आजको पवित्र दिनले हामीलाई महामानव गौतम बुद्धको जन्म, सम्बोधिलाभ तथा वहाँको महापरिनिर्वाण दिवसको स्मरण गराउँछ। बुद्धका शान्ति सन्देशलाई जनमानसमा फैलाउने र राष्ट्रनायक सरकारबाट नेपाललाई शान्तिक्षेत्र बनाइ-बक्सने सदिच्छालाई साकार पार्ने उद्देश्यले बुद्धजयन्ती र अन्तर्राष्ट्रिय शान्तिवर्षका उपलक्ष्यमा समारोह समिति-ले काठमाडौंमा जेठ ३ गते पहिलोपटक 'शान्ति पदयात्रा' सम्पन्न गरेको छ। नेपालमा हुन लागेको पन्ध्रौं विश्व-बौद्ध संमेलन श्री ५ को सरकारबाट प्राप्त सहयोगले सफल हुने विश्वास सपूर्ण बौद्ध जगत्ले राखेको छ। बुद्धकालीन समयदेखि अहिंसेसम्म पनि बुद्धधर्मलाई विभिन्न सम्राट्हरूबाट संरक्षण प्रदान हुँदै आएको हुँदा बुद्धका व्यावहारिक सिद्धान्त र शान्ति सन्देशले विश्वमा ठूलो सम्मानित स्थान प्राप्त गरेको छ। रेडियो नेपालबाट बिहान दिनहुँ प्रसारित गरिने धार्मिक कार्यक्रममा भगवान् बुद्धसँग सम्बन्धित भजन प्रत्येक दिन प्रसारण हुन सके धर्मसमन्वयमा बढी सहयोग हुने बौद्धजगत्ले विश्वास लिएको छ।

समितिका उपाध्यक्ष धनकमान शाक्यले श्री ५ महाराजाधिराज सरकारबाट शान्तिलाई संस्थागत गर्ने उद्देश्यले नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी राखिबक्सेको प्रस्तावप्रति मित्रराष्ट्रहरूबाट प्राप्त बढ्दो समर्थन शान्ति प्रतिको ठूलो समर्थन हो भन्नुभयो।

आजै सन्ध्यामा भगवान् बुद्धको अस्थिधातु जात्रा सहित सांस्कृतिक बाजागाजाका साथ भिक्षु अनगारिका एवं उपासक उपासिकाहरूले नगर परिक्रमा गरे। आजको दिन आनन्दकुटीमा विहानैदेखि पूजा आरम्भ भएको थियो र भिक्षु सुबोधानन्दबाट शील प्रार्थना एवं बुद्धपूजा तथा भिक्षु सुदर्शनबाट धर्मदेशना भएको थियो। यस्तै स्वयम्भूमा पनि श्रामणेर काश्यपबाट बुद्धपूजा प्रारम्भ हुनुका साथै ज्ञानमाला भजन, महायान बौद्ध परंपरा अनुसार वज्रयानी नृत्य र भगवान् बुद्ध सम्बन्धी विभिन्न देशमा निकालिएका टिकट, सम्यक् सम्बुद्ध सम्बन्धी पौभाः एवं बुद्धजीवनीका चित्रहरू पनि प्रदर्शन गरिएको थियो।

नेपाल अधिराज्यभर भव्यरूपमा बुद्धजयन्ती मना-

उन बाँकिच्छे केन्द्रीय समारोह समितिबाट जिल्ला जिल्लामा अतिथिको रूपमा प्रतिनिधित्व गर्न भिक्षुहरू र उपासकहरू पठाउने गरिएकोमा यस वर्ष धरानमा भिक्षु अश्वघोष, भोजपुरमा भिक्षु प्रज्ञारश्मि, वीरगंजमामा श्रामणेर वरसम्बोधि, धनगढीमा श्रामणेर विशुद्धानन्द एवं पोखरामा *बुद्धजयन्ती समारोह समितिका प्रचार* प्रसार संयोजक सुवर्ण शाक्यले प्रमुख अतिथिका रूपमा प्रतिनिधित्व गर्नुभएको थियो ।

बुद्धजयन्तीको अवसरमा भएको सार्वजनिक बौद्ध सभामा प्रेरणा र हौसला बक्सी सवारी होइबक्सेकोमा श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारहरूका जुनाफमा बौद्धजगतले सभक्ति हार्दिक कृतज्ञता चढाएको छ ।

भिक्षु अमृतानन्द काठमाडौंमा

२०४३ जेठ २२, काठमाडौं–

श्रीलंका र थाइलैण्डमा भएका सम्मेलनहरूमा भाग लिन जानुभएका आचार्य डा. अमृतानन्द महानायक महास्थविर बैंककमा महिनौंसम्म स्वास्थ्योपचारार्थ अस्पतालमा बसी स्वास्थ्यलाभ गरी काठमाडौंमा फर्कनुभएको छ। वहांले बैंकक अस्पतालमा बसी बौद्ध शब्दकोष बनाउने कार्यमा लाग्नुभएको थियो ।

बुद्धधर्म र विश्व शान्ति विषयक सेमिनार

२०४३ जेष्ठ २४, काटमाडौं–

युवा बौद्ध समूह गण महाविहार काठमाडौं– को तत्वावधानमा "बुद्धधर्म र विश्व शान्ति" विषयक एक दिवसीय सेमिनारको उद्घाटन माननीय परराष्ट्र, शिक्षा तथा संस्कृति मन्त्री एवं अन्तर्राष्ट्रिय शान्ति वर्ष नेपाल समितिका अध्यक्ष श्री रणधीर सुब्बाज्यूले एक समारोहको बीच स्थानीय भृकुटी मण्डपस्थित बुद्ध विहारमा गर्नुभयो । सोही अवसरमा मन्त्री सुब्बाले भन्नुभयो – बुद्ध धर्म शान्तिबाट प्रतिपादन भएको हुनाले यसलाई अनुसरण गर्नु नै शान्ति पहिल्याउनु हो । संयुक्त राष्ट्र संघबाट आणविक युद्धको रोकथाम गर्ने सिलसिलामा शान्ति वर्ष मनाउने घोषणा गरेको हो, यसलाई साकार पार्नु हामी सबैको कर्तव्य हो ।

त्यसरी नै सभापतिको आशनबाट बोल्नु हुंदै भिक्षु सुबोधानन्द महास्थविरले भन्नु भयो – आजकालको जस्तो विसंगतिपूर्ण जीवन बिताउनुपरेको अवस्थामा बुद्ध धर्मलाई व्यवहारमा उतारेर प्रयोगमा ल्याउन सके जीवन सहज र सरल हुने छ ।

उक्त समारोहमा भू: पू. मन्त्री श्री भुवनलाल प्रधानले सेमिनारको परिचय तथा महत्व माथि प्रकाश पार्दै नेपालको कला संस्कृति संरक्षण गर्नमा बुद्ध धर्मको ठूलो हात रहेको छ । भन्नु भयो ।

सोही अवसरमा आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरले नेपाल को बौद्ध जनसंख्या केवल ५ प्रतिशत मात्र देखाइएकोमा आश्चर्य प्रकट गर्दै नेपाली बुद्ध धर्म, तिब्बती बुद्ध धर्म भन्नुको सट्टा हामीले नेपालमा चलेको बुद्धधर्म तथा तिब्बतमा चलेको बुद्धधर्म भन्नु पर्छ भन्ने आग्रह गर्नुभयो ।

यसरी नै स्वागत भाषण दिनुहुंदै युवा बौद्ध समूहका अध्यक्ष श्री हर्षमुनि शाक्यले मानव मात्रको लागि शान्ति अपरिहार्य सिद्ध भएको कुरालाई औल्याउंदै नेपालीहरू युगौं पहिले देखि शान्तिका पुजारी हुन् भन्नुभयो । वहांले यस देशको बौद्ध सांस्कृतिक सम्पदाको सम्पदाको संरक्षण हुनु पर्ने कुरामा जोड दिंदै बुद्ध जन्मेको देशमा बौद्ध वाङ्मयको उच्च स्तरीय अध्ययन अध्यापन गर्ने शैक्षिक संस्था (Buddhology Departnemt) को व्यवस्था यसै वर्ष गर्न पाएमा

शान्ति विषयको महत्व बढ्ने छ भन्ने सुझाव पेश गर्नु भयो ।

उक्त समारोहमा भिक्षु सुमंगलद्वारा पंचशील प्रदान गरिएको थियो भने युवा बौद्ध समूहका सचिव श्री त्रिरत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

दिउंसो १ बजेदेखि रातो ९:३० सम्म चलेको उक्त सेमिनारलाई दुई चरणमा विभाजित गरी पहिलो चरणमा बुद्धधर्मका मौलिक सिद्धान्तमा केन्द्रित भई तयार गरिएको बुद्धधर्म र विश्व शान्ति शीर्षकको कार्यपत्र भिक्षु सुदर्शनद्वारा प्रस्तुत गरिएको थियो भने श्री अयोध्याप्रसाद प्रधान र श्री मीनबहादुर शाक्यले उक्त कार्यपत्रको टिप्पणी गर्नु भएको थियो । उक्त पहिलो चरणको सेमिनारको सभापतित्व भू. पू. मन्त्री श्री भुवनलाल प्रधानले गर्नु भयो र श्रुति सम्पादकहरू श्री महेन्द्ररत्न शाक्य र श्री हरिशचन्दलाल सिंह रहनु भएको थियो ।

दोश्रो चरणको सेमिनारमा त्रिभुवन विश्व विद्यालय पाठ्यक्रम विकास केन्द्रका उप निर्देशक श्री आनन्ददेव भट्टराद्वारा अन्तर्राष्ट्रिय गतिविधि र बुद्धधर्मको महत्व माथि प्रकश पार्दै तयार गर्नु भएको बुद्धधर्म र विश्व शान्ति विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो । त्यसरी नै सोहि चरणमा मनोवैज्ञानिक डा० सरोजकुमार शाक्यद्वारा अर्धिक मनोविज्ञान र बुद्धधर्मको सम्बन्धमा केन्द्रित भई तयार पारिएको बुद्धधर्म र विश्व शान्ति विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो । सोहि अवसरमा श्री भट्टज्यूको कार्यपत्र माथि प्रा. आशाराम शाक्य र श्री सुवर्ण शाक्यले टिप्पणी गर्नु भएको थियो भने श्रुति सम्पादक द्वय श्री कनकद्विप ब. आ. र श्री लोकबहादुर शाक्य रहनु भएको थियो ।

डा सरोज कुमारद्वारा प्रस्तुत कार्यपत्रमा डा. बज्रराज शाक्य र श्री आर. बी. बन्द्यले टिप्पणी गर्नु भएको थियो भने वहांहरूले प्रस्तुत गरेका विविध कुराहरूको श्रुति सम्पादन श्री देवबहादुर रंजित र सुश्री अमिता धाख्वाले गर्नु भएको थियो ।

उक्त चरणको सभापतिको आशनबाट श्री सत्यमोहन जोशीले उक्त समामा प्रस्तुत कार्यपत्र बारे आफ्नो मन्तव्य अभिव्यक्त गर्दै सन् १९८६ को उपलक्ष्यमा संयुक्त राष्ट्र संघको कार्यालयमा ठोकेको शान्तिको गण्टीको आवाज त्यस बुद्ध विहारको सेमिनार हलमा पनि ध केको छ । यस्तो धन्काईलाई साकार रूप दिन खोजेका युवा बौद्ध समूहका सहकर्मीहरू सराहनीयका पात्र भएका छन् भन्नु भयो ।

यस अघि सेमिनार सफल पार्न सहयोग गर्ने सहभागी टिप्पणीकारहरू, श्रुति सम्पादकहरू, कार्यपत्र प्रस्तुतकर्ताहरू र सभापतित्व ग्रहण गर्ने महानुभावहरू लगायत प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण महानुभावहरूलाई सेमिनारका संयोजक श्री दयाराम शाक्यले धन्यवाद ज्ञापन गर्दै युवा बौद्ध समूहलाई समयानुकुल सुझाव तथा आवश्यक सहयोगको अपेक्षा रहको कुरा बताउनु भयो । अन्त्यमा पुण्यानुमोदन गरी उपस्थीत सम्पूर्ण महानुभावहरूलाई जलपानको व्यवस्था गरिएको थियो ।

सप्ताहव्यापी बुद्धजयन्ती सम्पन्न

२०४३ जेठ ९, कास्की–

स्थानीय पोखराको नदीपुर बुद्धविहारको आयोजना मा गठित बुद्धजयन्ती समारोह समितिद्वारा सप्ताहव्यापी बुद्धजयन्ती कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम अनु–

सार जेठ ३ गते अनपू विश्वशान्ति स्तूपमा पूजा आरा-धना हुनुका साथै मीनबहादुर गुरुङबाट भिक्षु तथा अन-गारिकाहरू सहित सम्पूर्ण उपासक उपासिकाहरूमा भोजन प्रदान गरिएको थियो । जेठ ५ गते बौद्धझण्डा सहित भिक्षुहरू र उपासक उपासिकाहरूले ध्येछोलिंग गुम्बा द्वीपमा पूजा आराधना गरिनुका साथै ह्याङह्युप छ्योलिङ्ग गुम्बा हेमजामा पूजा सहित श्रामणेर सोम-छाइ प्रेमशाकबाट धर्मदेशना एवं ३ मिनेटको ध्यान-भावना सम्पन्न भयो । जेठ६गते बौद्ध अर्घौं सदन रामघाट मा पूजा तथा कर्मसिद्ध परम्परा धर्मचक्र दीपस्य विहार माटेपानीमा श्रामणेर सोमछाइबाट धर्मदेशना भयो । जेठ ७ गते धार्कोलिंग गुम्बा छोरेपाटनमा पूजा आराधना हुनुका साथै त्यहाँका मुख्यलामाबाट बुद्धधर्मका महत्वपूर्ण पक्षमा व्याख्यान र अर्को स्याङ्ग गुम्बामा पूजा तथा धर्मदेशना र ५ मिनेटको ध्यानभावना पनि सम्पन्न भयो ।

यस्तै जेठ ८ गते रामघाट अर्घौं सदनमा भएको प्रवचन कार्यक्रममा श्रामणेर सोमछाइ र काठमाडौंबाट २५३० औं बुद्धजयन्ती समारोह समितिका प्रतिनिधिका रूपमा आउनुभएका समारोह समितिका प्रचार प्रसार संयोजक अतिथि सुवर्ण शाक्यबाट बुद्धधर्म सम्बन्धी प्रवचन सम्पन्न भयो । त्यही साँझ धर्मसंघ विहारमा आयोजित प्रवचन कार्यक्रममा पनि श्रामणेर सोमछाइ र अतिथि सुवर्ण शाक्यबाट बुद्धधर्मका व्यावहारिक पक्षमा सरलभाषामा व्याख्यान गर्नुभयो । त्यसबेला तुलामान वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन जेठ ९ गते बुद्धजयन्तीका दिन बुद्धविहार नदीपुरमा बिहान शीलप्रार्थना, बुद्धपूजा, दानप्रदान भई त्यहाँबाट भिक्षुगण, काठमाडौंबाट आएका अतिथि, लामा गुरुहरू, उपासक उपासिका सहित धूप दीप र बाजागाजाले सम्पन्न भई बुद्धप्रतिमा सजाइएको रथ-यात्राले नगर परिक्रमा गऱ्यो । नदीपुरबाट महेन्द्रपुल चोक अनि नालामुख मोहोरिया टोल हुँदै धर्मसंघ बुद्ध विहार पुगेर नदीपुर बुद्ध विहारमा फेरियो । निर्धारित कार्यक्रम अनुसार बुद्धविहारमा भव्य समारोहका साथ प्रवचन एवं धर्मदेशना सम्पन्न भयो । उक्त अवसरमा श्रामणेर सोमछाइ प्रेमशाकबाट अंग्रेजीभाषामा भएको धर्मदेशनालाई प्रकाशमान गुभाजूबाट स ल नेपालीभाषामा अनुवाद गरी बताइदिनु भएको थियो र अतिथि सुवर्ण शाक्यबाट नेपालमा बौद्धधर्मको स्थिति सम्बन्धमा विशद व्याख्या गर्नुभएको थियो । कार्यक्रमका प्रमुख व्यवस्था-पिका तीर्थौं बर्षदेखि बुद्धशासन स्थिरतामा जोड दिइ-राख्नुभएका अनगारिका धर्मशीला उपस्थित रहेको त्यस समारोहमा सभापतिको आसनबाट मीनबहादुर गुरुङले बुद्धको जन्मभूमिमा बुद्धविहार र स्तूप भत्काइने जस्ता अशोभनीय कार्य हुनु ज्यादै खेदको कुरा हो भन्नुभयो ।

त्यस दिन भएका कार्यक्रममा थाई भिक्षु सवत्थु पनि उपस्थित हुनुहुन्थ्यो र साँझ भैषज्यपूजा र ज्ञान-माला भजन भएको थियो । उक्त रातमा भिक्षु सोमछाइ का साथ केही उपासकहरू रातभर ध्यानभावनामा रही जाग्राम बसेका थिए ।

शान्ती सप्ताहको रूपमा बुद्धजयन्ती

२०४१ जेठ, ६ कैलाली –

स्थानीय सदरमुकाम धनगढीमा शान्तिसप्ताहको रूपमा २५३० औं बुद्धजयन्ती बुद्धमन्दिरमा सम्पन्न भयो । उक्त अवसरमा काठमाडौंबाट आउनुभएका श्रामणेर विशुद्धानन्दद्वारा बुद्धपूजा, शीलप्रार्थना र धर्मदेशना भयो । विभिन्न प्रकारका बाजागाजा सहित भई बुद्धमूर्ति

लाई नगरपरिक्रमा गराइयो। उक्त दिन बुद्धमन्दिरमा आयोजना गरिएको सार्वजनिक बौद्धसभामा आयोजक प्रेमलाल तुलाधरले स्वागत भाषण गर्दै धर्म अफीम होइन, सजा होइन अपितु कर्मको विशेषण हो, क्रिया हो भन्नुभयो जीतबहादुर लामाको सभापतित्वमा भएको यस सभामा सहायक अंचलाधीश चन्द्रप्रकाश ओझा र स्वामी अर्थमोघले बुद्धदर्शन माथि प्रकाश पार्नुभयो। प्रमुख अतिथि श्रामणेर विशुद्धानन्दले राष्ट्रको चौतर्फी विकासको लागि बुद्धले देखाएका ७ नियम पालन गर्नु हुन भन्नुभयो। यस्तै देवकान्त पन्त, अर्जुन सिटौला, दीनानाथ भट्ट, वीणा राजभण्डारी र लक्ष्मीनारायण मन्दिरका आचार्यले बुद्धको उपदेश बारेमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभयो।

उक्त अवसरमा स्थानीय धर्मोदयसभाको श्रामणेर विशुद्धानन्दले उद्घाटन गर्नुभयो। उक्त सभामा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमशः प्रेमलाल तुलाधर जीतबहादुर लामा, तीर्थमुनि वज्राचार्य र मीनबहादुर शाक्य हुनुहुन्छ। अन्य सदस्यहरुमा कुमारी जानकी तुलाधर, जीवन लामा, प्रेमा वाग्याल लामा, स्थिरमणि बज्राचार्य र हंसराज भट्ट हुनुहुन्छ।

विहारको शिलान्यास

२०४३ जेठ १०, सुनसरी—

स्थानीय बराह क्षेत्रमा २५३० औं बुद्धजयन्ती तथा शान्तिवर्षको सन्दर्भमा बयरवन ज्योति बुद्ध महाविहार को शिलान्यास अञ्चलाधीश सूर्यबहादुर सेन ओलीले गर्नुभयो। समारोह समितिका सभापति प्रधानपञ्च तर्कमणि पौडेलको सभापतित्वमा सभा भएको थियो। उक्त उपलक्ष्यमा भगवान् बुद्धको प्रतिमालाई रथमा राखी वाजागाजा सहित नगर परिक्रमा गराइएको थियो। त्यहाँ भएको बौद्ध सार्वजनिक सभामा बुद्धपूजा र शील-प्रार्थना भई नायब उपरीक्षक मोहनबहादुर पाण्डे, प्र. जि अ रामकृष्ण पन्त र स्थानीय धर्मोदय सभाका उपाध्यक्ष लालबहादुर तुलाधरले बुद्ध र शान्ति विषयमा आपना मन्तव्य व्यक्त गर्नुभएको थियो। अन्य वक्ताहरू-मा मान वज्राचार्य, गोपाल भण्डारी र देवीप्रसाद कोइ-राला हुनुहुन्थ्यो।

बिहार निर्माण समिति प्रधानपञ्च तर्कमणि पौडेल को अध्यक्षतामा गठन भयको छ र उक्त समितिको प्रचार उपसमितिमा सम्पादकहरू राष्ट्रिय समाचार समिति, दैनिक कोसेली, स्वतन्त्र नेपाल साप्ताहिक, आरती साप्ताहिक समाचार जगत् साप्ताहिक, बौद्ध मासिक धर्मकीर्ति र बौद्ध मासिक आनन्दभूमि रहनुभएको छ।

भिक्षु अश्वघोषको प्रमुख आतिथ्यमा समारोह

२०४३ जेठ, ६ सुनसरी—

स्थानीय धरानमा २५३० औं बुद्धजयन्ती काठ-माडौंबाट आउनुभएका भिक्षु अश्वघोषको प्रमुख आति-थ्यमा भव्यरूपमा सम्पन्न भयो। बुद्धप्रतिमालाई नगर परिक्रमा गराइसकेपछि बुद्धविहारमा भएको समारोहमा प्रमुख अतिथि भिक्षु अश्वघोष र स्थानीय भिक्षु मैत्री बाट धर्मसम्बन्धी व्यावहारिक ज्ञानमा धर्मदेशना गर्नुभएको थियो। तीर्थराज भोक्तानको सभापतित्वमा भएको यस सभामा श्रीमती उषा पालिखेद्वारा स्वागत भाषण र बुद्धविहारका सचिव मेजर खड्गबहादुरबाट मन्दिर निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत भएको थियो अरू वक्ताहरूमा कोशी अञ्चलाधीश सहित गोपाल भण्डारी, पद्मरत्न शाक्य र का. मु. प्रधानपञ्च श्याम गोविन्द श्रेष्ठ हुनुहुन्थ्यो।

तीनदिने कार्यक्रम

२०४३ जेठ ९, रुपन्देही–

स्थानीय बुटौलमा २५३० औं बुद्धजयन्ती भव्यरुपमा मनाइयो। जेठ ७ गते पद्मचैत्य विहारबाट शान्ति पदयात्रा शुरू गरी रामनगर महायान बुद्धविहारमा बुद्धपूजा शील ग्रहण र विभिन्न वक्ताहरूबाट प्रवचन भई तीर्थरत्न वज्राचार्य र बुद्धराज वज्राचार्यबाट भक्तजनहरूमा जलपान गराइएको थियो।

दोश्रो दिन पद्म चैत्य विहारमा बुद्धपूजा, धर्मदेशना एवं ज्ञानमाला भजन भई राती भक्तजनहरू जाग्राम बसेका थिए। तेश्रो दिन बुद्धजयन्तीका दिन बिहान प्रभातफेरी, बोधिवृक्षमा जल अर्पण, बुद्धपूजाका साथै खीर भोजन सम्पन्न भयो। दिवा कार्यक्रममा भिक्षु चन्द महास्थविरबाट परित्राणपाठ र अनगारिका देवाचारी र परिव्राजक सरस्वतीबाट बुद्धगुण सहित धर्मदेशना भएको थियो। यस दिन राती बुद्धको प्रतिमा रथमा राखी ज्ञानमाला भजन सहित सांस्कृतिक बाजागाजा र नरनारीहरूद्वारा नगरपरिक्रमा गरियो।

बुद्धपूजा

२०४३ जेठ ९, संखुवासभा–

२५३० औं बुद्धजयन्ती स्थानीय खाँदबारीमा ३ दिने कार्यक्रम सहित मनाइयो। समाजसेवी कुलबहादुर शाक्यको अध्यक्षतामा गठन भएको २५३० औं बुद्धजयन्ती र पूजा समितिका संयोजक सुन्दर शाक्य र सदस्य सचिव सुश्री सुभद्रा वज्राचार्यको सक्रियतामा सम्पन्न भएको बुद्धपूजा, वन्दना, पंचशील प्रार्थना र चैत्य श्रृंगार तथा सरसफाइ कार्यक्रम सहितको प्रवचन समारोहमा प्रौढसंगठनका सभापति कृष्णगोपाल श्रेष्ठले बुद्धको जीवनीमा प्रकाश पार्नुभएको थियो र बेलुका बौद्ध चैत्यमा दीपावली समेत भएको थियो।

बुद्धको रथयात्रा सहित नगरपरिक्रमा

२०४३ जेठ ९, रुपन्देही–

स्थानीय भगवान् बुद्धको जन्मस्थल लुम्बिनीको बुद्धविहारमा २५३० औं बुद्धजयन्ती भव्यरुपमा मनाइयो। बुद्धको प्रतिमालाई रथारोहण गराइ भिक्षुगण एवं धर्मप्राण उपासक उपासिकाहरू सहित नगर परिक्रमा गराई मनाईएको समारोहमा भिक्षु अनिरुद्ध महास्थविरद्वारा पञ्चशील प्रदान र धर्मदेशना भएको थियो। तानसेन भीमसेन टोल र टबसार ज्ञानमाला भजन टोली, बुटवलका भजनटोली र नरायणघाटका यात्रीहरूले समेत भाग लिएको यस समारोहमा चकुरमान शाक्य कृष्णमान शाक्यसुश्री शोभा शाक्य र सुश्री सुमना शाक्यले भगवान बुद्धका उपदेशबारेमा मन्तव्य व्यक्त गर्नुभएको थियो। लुम्बिनी विहार स्थित भिक्षु विमलानन्द महास्थविरले भन्नुभयो– आजका पवित्र दिनमा नेपालमा मात्र होइन अन्य बौद्धदेशहरूमा पनि महाकारुणीक भगवानबुद्धको देनलाई प्रकाश पारी भव्यरुपमा हृदयदेखि बुद्धजयन्ती मनाउँछन्। बुद्धले आफनो जीवनकालमा दिनुभएको विश्व शान्तिका सन्देश मानव हित र सुखकालागि अहिलेझन महत्वपूर्ण हुँदैआएका छ। समारोहको अन्तमालुम्बिनी धर्मोदय सभाबाट प्रसाद वितरण भएको थियो।

बैशाख महोत्सव

१०४३ जेठ ९, काभ्रे–

स्थानीय बनेपामा २५३० औं बुद्धजयन्ती एवं अन्तर्राष्ट्रिय शान्तिवर्ष १९८६ समारोह समितिको आयोजनामा विविध ३ दिने बुद्धजयन्ती कार्यक्रम सम्पन्न भयो। पहिलो दिनमा स्थानीय बोधिचर्या विहार मा नगरपंचायत का उपप्रधानपंच पूर्णकाजि कायष्ठ द्वारा प्रमुख अतिथिका रूपमा अन्तर माध्यमिक विद्यालय 'धन श्रेष्ठ कि बुद्धि श्रेष्ठ' विषयक वादविवाद प्रतियोगिताको उद्घाटन भयो। विजयी तथा सहभागी विद्यार्थीहरूलाई पुरस्कार एवं प्रमाणपत्र दिनुहुँदै पूर्णकाजि कायष्ठले शान्ति प्राप्तका लागि द्वेष भाव निश्पक्ष भइ सर्वमा मातृत्व र शिष्टाचार कायम राख्नुपर्छ भन्नुभयो। प्रतियोगिताका संयोजक इन्द्र नकर्मी भोमि ले श्री ५ वीरेन्द्रबाट राखिबक्सेको शान्ति-क्षेत्रको प्रस्तावलाई ७३ राष्ट्रले समर्थन गर्नु विश्वशान्तिका क्षत्रको लागि मुख्य आधार हुन आयको छ भन्नुभयो। समितिका धर्मानुशासक भिक्षु बोधिसेनले समितिका आजीवन सदस्यहरूलाई प्रमाणपत्र वितरण तथा पंचसील प्रदान गर्नुभएको थियो। समितिका अध्यक्ष प्रेमरत्न शाक्यको सभापतित्वमा भएको यस कार्यक्रममा समितिका सदस्य प्रदीप शाक्यबाट स्वागत भाषण भएको थियो।

दोश्रो दिनमा भिक्षु बोधिसेनबाट पंचशील प्रदान तथा भिक्षुसंघबाट परित्राण पाठ र बनेपामा शान्तिपदयात्रा पनि गरिएको थियो।

[नेपालभाषा]

स्वाँयापुन्ही समारोह

११०६ बछलाथ्व, स्वांयापुन्ही, भोजपुर-

थनया टक्सारया शाक्यमुनि विहारय न्याःगु स्वांया पुन्ही समारोहय् भिक्षु प्रज्ञारश्मि बोधिवृक्षया महत्व-बारय् व्याख्यांनया नापं बुद्धया उपदेश ध्वाथ्वीक कना-बिज्यात । निन्हुयंक न्याःगु उगु समारोहय् सांस्कृतिक बाजागाजा व भजन सहित बुद्धया प्रतिमा दुगु रथ देचाःही कन । उकुन्हु मणिरत्न शाक्यया सभापतित्वय् जूगु आमसभाय् बौद्ध संघया सचिव लालधन शाक्य लसकुस न्वचु बियाः बि. सं. १९९३ सालं निसें बुद्धरथ यात्रा जुयाः स्वांयापुन्ही हनावःगु व विहारया पुन-र्निर्माण नं जुयाच्वंगु खँ न्ह्यथना बिज्यात । गणेश वज्राचार्यपाखें उद्घोषित उगु सभाय् सहायक सचिव भीम शाक्य, रा.प.स टंकप्रसाद ढकाल व प्रजिअ रामप्रसाद खतिवडापिंसं बुद्धधर्मया महत्वबारय् ब्वना दिल । बहनी भजन व पूजा जुल ।

हि दान बियाः स्वांयापुन्ही हन

११०६ बछलाथ्व, स्वांयापुन्ही, यल-

थनया इलन्हय् १०२ म्ह मनुखं हि दान बियाः तारेमाम संघया ग्वसालय् २५३० दँगु स्वाँयापुन्ही हन । उगु इलय् वर्माया धर्मकथिक सयादो भिक्षु ज्ञानेश्वर-पाखें कार्यक्रमया शुभारम्भ जुयाः साप्ताहिक धार्मिक प्रवचन नं जूगु खः । उगु प्रवचनया झ्वलय् ज्ञानवज्र वज्राचार्य 'कोविद', भिक्षु सुशोभन, ध्यसे लोसांग झ्याम्पा तामापिसं बुद्धधर्म व उकीया महत्वबारय् थः थःगु नुगःखँ प्वका बिज्यात ।

बुद्धपूजा जुल

११०६ बछला गा ८, ख्वप-

थनया बौद्ध समकृत बिहारय् भिक्षु धम्म शोभनया स्नातकोत्तर उत्तीर्ण जूगु व हर्षसुन्दर शाक्यया जन्म-दिया लसताय् बुद्धपूजा जुल । भिक्षु महानाम महा-स्थविरपाखें पञ्चशील प्रदान जूगु उगुब्यलय् भिक्षु कुमार काश्यप महास्थविरं बुद्धपूजा व धर्मदेशना यानाः मनूतय्सें धाथेंयागु शान्ति काय्गु जूसा म्हुतुं जक शान्ति हाला च्वनां मज्यू ज्यां हे शान्ति ज्वीकथं हना-यंके माः धैबिज्यात । उकुन्हु संघ भोजन व अष्ट-परिष्कार सहित दानप्रदान नं जुल ।

ब्वनेकुथी बुद्धपूजा

११०६ बछलागा, स्वांयापुन्ही, यल-

थनया यशोधरा बौद्ध विद्यालय् दँय्दसं थें थु खुशी नं विद्यालय परिवार मुनाः बुद्धजयन्ती हन । उगु इलय् अरगारिका संघया अध्यक्ष अनगारिका सुशीलां धर्म-देशना यानाः धैबिज्यात- भगवान् बुद्ध छम्ह मनू जुयां नं मनुखं मसीगु घोर दुःख सियाः सकलप्राणीया हित-या लागी अग्रसर जुयाबिज्यात । अथें हे अनगारिका माधवि धैबिज्यात- बुद्धधर्म कथं पूजा याय् योग्यपिंत पूजा याय्गु तःधंगु मंगल कार्य खः छुं ई जक जूसां पुण्य संचयया ज्या याय्माः ।

चान्हय् १२ ताः ई तक नगर परिक्रमा

११०६ बछलागा, स्वांयापुन्ही, थेचो-

थनया बेलुवन विहारया दायकपिनि आयोजनाय् जूगु बुद्धजयन्वीया उपलक्ष्यया बुद्धप्रतिम या नगर परि-क्रमा बाजागाजा सहित त्वांलं त्वा जुनाः चान्हय् १२ ताःई तक जुयाः क्वचाल । उकुन्हु जूगु बुद्धपूजाय् पञ्चशील प्रदान यानाः भिक्षु शीलभद्रं स्वांयापुन्हीया महत्व कनाबिज्यात ।

धर्मदेशना

११०६ बछलाथ्व, स्वांयापुन्ही नुवाकोट-

थनया त्रिशूलीया सुगतपुर विहारय् २५३० क्वःगु बुद्ध जयन्तीया लसताय् बुद्धपूजा जुयाःलि बुद्धप्रतिमा यात खतय् तयाः नगर चाःहुइकल । थूकून्हु जूगु धर्म देशनाय् भिक्षु मेधंकर व धर्मरत्न शाक्यपिसं बुद्ध-धर्मया वलं हे नेपालय् शान्ति दैगु खँ न्वखंक धैवि-ज्यात ।

बुंदिया लसताय् बुद्धपूजा

११०६ बछलाथ्व द्वितीया, नुवाकोट-

थनया त्रिशूलीया सुगतपुर विहार दायक परिषद या सचिव तथा आनन्दकुटी दायकसभाया उपाध्यक्ष बोधिरत्न शाक्य ५१ दँ क्यगु बुंदिया लसताय् बुद्धपजा धर्मदेशना जुल । उकुन्हु वस्पोलं झिप्यंदंनिसें प्रचारयाना वैच्वगु बौद्ध मासिक आनन्दभूमियात ५१।- तका दां हाप बिया बिज्यात ।

मुद्रकः- ओम प्रिन्टिंग प्रेस, ओम वहाल, काठमाडौ, नेपाल । ☎ २-१६०५६ र २-१३१२५